जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२
२१ फागुन
अब 20 दिन बाँकी

वर्ष २७ •अंक २५६ • २०८२ साल फाल्गुन १ गते शुक्रबार (13 February, Friday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

## रमण कन्स्ट्रक्सनले एकपछि अर्को काम गुमाउँदै

**टुडे समाचारदाता**

जनकपुरधाम । रमण कन्स्ट्रक्सनले गर्दै आएका विभिन्न विकास निर्माण कार्यको ठेक्का गुमाउँदै गएको छ।

रमण कन्स्ट्रक्सनले जेभीका रुपमा काम गरिरहेको सालझाडी-सन्धिखर्क-ढोरपाटन सडकको पनि ठेक्का गुमाएको छ।

यस अघि सडक विभागअन्तर्गतको हुलाकी सडक निर्देशनालयको सिफारिसमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतको सार्वजनिक खरिद अनुगमन कार्यालयले रमण कन्सट्रक्सन खरिद कार्यमा सहभागी हुन नपाउने गरी कालो सूचीमा राखेको छ।

हुलाकी सडक निर्माणको जिम्मा पाएको रमण कन्स्ट्रक्सनले निर्माण कार्य अलपत्र पारेको र सन्तोषजनक काम नगरेको भन्दै हुलाकी सडक निर्देशनालयले गत असार २० गते कालो सूचीमा राख्न सिफारिस गरेको थियो।

सालझाडी-सन्धिखर्क-ढोरपाटन सडक योजनाले बिहीबार एक सूचना जारी गर्दै रमण/ओम/सुगम जेभीसंगको ठेक्का तोडिएको जनाइएको छ।

पाल्पाको कञ्चन खोलादेखि खुर्सानीसम्म पर्ने १३.४४ किलोमिटर सडकको ठेक्का तोडिएको छ। उक्त कम्पनीले सो सडक खण्ड निर्माण गर्न २४ करोड ५४ लाख रुपैयाँमा ठेक्का पाएको थियो । तर पटकपटक म्याद थप गर्दा पनि काम सम्पन्न नगरेपछि ठेक्का तोडिएको योजनाले जनाएको छ।

२०७७ पुसमा नै ठेक्का सम्झौता गरिएको थियो । निर्माण कम्पनीले बुझाउनुपर्ने रकामको मूल्यांकन गर्ने काम भइरहेको योजनाले जनाएको छ।

केही समय अघि सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनामा रमण कन्स्ट्रक्सनसंगको ठेक्का तोडिएको थियो।

हुलाकी सडक निर्देशनालयको सिफारिसविरुद्ध रमण कन्स्ट्रक्सनले सर्वोच्च अदालतमा रिट समेत दायर गरेको थियो। सर्वोच्च अदालतले रिटको प्रारम्भिक सुनुवाई गर्दै हुलाकी सडक निर्देशनालयले सिफारिस यथास्थितिमा राख्न अन्तरकालीन आदेश जारी गरेको थियो । तर पछि साउन १५ गते सर्वोच्चले 'अन्तरकालीन आदेशलाई निरन्तरता दिनु नपर्ने' भनेर आदेश जारी गरेपछि रमणलाई कालो सूचीमा राख्ने प्रक्रिया अगाडि बढाइएको थियो।

सार्वजनिक खरिद अनुगमन कार्यालयले रमण कन्स्ट्रक्सनविरुद्ध सार्वजनिक खरिद नियमावली २०६४ को नियमन (१४१) को उपनियमन (२) अनुसार कालो सूचीको प्रक्रिया अगाडि बढाइएको थियो।

सार्वजनिक खरिद कार्यालयले यसअघि पप्पु कन्स्ट्रक्सनलाई कालो सूचीमा राखेको थियो। पप्पुले पनि हुलाकी सडकलगायतका निर्माण कार्यमा सन्तोषजनक काम नगरेको भन्दै कार्यालयले कालो सूचीमा राखेको छ।

धरहरा पुर्ननिर्माणमा पनि रमण कन्सट्रक्सनको काम सन्तोषजनक नदेखिएको जनाइएको छ । सोही कम्पनीलाई भेरी बबई डाइभर्सन आयोजनाका हेडबक्स लगायतका संरचना निर्माणको ठेक्का दिनु जोखिमपूर्ण हुनसक्ने भन्दै रोक लगाइएको थियो।

अख्तियारमा उजुरीको चांग

## धनुषाबाट सबैभन्दा बढी, सोलुखुम्बुबाट कम उजुरी

**टुडे समाचारदाता**

जनकपुरधाम। अख्तियारमा धनुषाबाट सबैभन्दा बढी उजुरी परेको देखिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवासमा विभिन्न जिल्लाबाट चालु आर्थिक वर्ष २०८२/०८३ को पुस मसान्तभित्र २ हजारभन्दा बढी उजुरी दर्ता भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको बर्दिबासस्थित कार्यालयले जनाए अनुसार चालु आर्थिक वर्षको ६ महिनाभित्र २ हजार ५२५ उजुरी दर्ता भएको र त्यसमा ८ सय १२ वटा उजुरीहरु फछ्र्यौट भएको जनाइएको छ। बाँकी १ हजार ७ सय १३ उजुरीहरू छानबिनको क्रममा रहेको छ।

कुल दर्ता भएका उजुरीहरूमध्ये ७२.६१ प्रतिशत स्थानीय तहसंग सम्बन्धित रहेको । जसमध्ये सबैभन्दा बढी धनुषा जिल्लाबाट नै रहेको बताइएको छ।

जिल्लागत रुपमा धनुषा जिल्लाका सबैभन्दा बढी ७ सय ८० वटा उजुरी परेको छ भने दोस्रोमा महोत्तरीको ५ सय १४, तेस्रोमा सिरहाको ४ सय ८१, चौथोमा सर्लाहीको ३ सय ९७ र सबैभन्दा कम सोलुखुम्बुको ३९ वटा उजुरीहरू दर्ता भएको अख्तियारले जनाएको छ।

आयोग तथा कार्यालयमा विभिन्न माध्यमबाट दर्ता भएका उजुरीहरूलाई स्क्रिनिंग, प्रारम्भिक छानबिन र विस्तृत छानबिनबाट तामेली गर्ने, लेखी पठाउने वा अदालतमा अभियोजन गर्ने कार्य गरिएको जनाइएको छ। कुल दर्ता भएका उजुरीहरूमध्ये तामेली गरिएको ६ सय ५, सुझाव सहित तामेली १०, आवश्यक कारबाहीका लागि लेखी पठाएको ७९ र एकीकरण गरिएको १ सय १८ गरी कुल ८ सय १२ उजुरीहरू रहेकोमा २ सय ८ उजुरीहरूको विस्तृत अनुसन्धान भइरहेको बताइएको छ।




आयोग र मातहतका ८ वटा कार्यालयमा कार्यरत कुल ९ सय ९० कर्मचारीहरूबाट हाल कायम रहेका कुल ३ हजार ७ सय २६ उजुरीहरूको छानबिन तथा अनुसन्धान आफैंमा चुनौतीपूर्ण रहेको जनाइएको छ।

बर्दिबासस्थित कार्यालय अन्तर्गत मधेश प्रदेशको सिरहा, धनुषा, महोत्तरी र सर्लाही, कोशी प्रदेशका ओखलढुंगा, खोटाङ र सोलुखुम्बु तथा बागमती प्रदेशका सिन्धुली र रामेछाप सहितका ९ वटा जिल्लाहरू रहेका छन्।

मधेश प्रदेशका प्रमुख प्राध्यापक डा. सुरेन्द्र लाभ कर्णले भ्रष्टाचार नियन्त्रणका लागि व्यक्तिमा नैतिकता तथा सदाचारको विकास गर्न जरुरी रहेको बताए। उनले अख्तियारको दुरुपयोग रोक्नका लागि आयोगले खेलेको भूमिकाको सराहना गर्दै मुलुकमा सुशासन तथा समृद्धिका लागि भ्रष्टाचारको नियन्त्रण आवश्यक रहेको बताए।

भ्रष्टाचाररहित तथा अनियमितता न्यूनीकरणका लागि मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण कुमार यादवले मधेश प्रदेश सरकार प्रदेशमा सुशासन मार्फत समृद्धि र विकासको पक्षमा काम गर्नुपर्ने बताए।

उनले सानो सानो विषयमा आयोगले गर्ने गरेको पत्राचारका कारणले मन्त्रालयका कर्मचारीहरु पनि काम गर्नबाट रोक्ने गरेको गुनासो गरे। आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले मुलुकको शासन- प्रशासनमा विचौलियाको हाबी हुँदै गएको भन्दै चिन्ता व्यक्त गरे।

गत आर्थिक वर्ष २०८१/०८२ मा तीन हजार ९७१ उजुरी आयोगमा परेको थियो।

आयोगको कार्यालयबाट प्राप्त भएको विवरण अनुसार पछिल्लो आर्थिक वर्ष ०८१/०८२ मा तीन हजार ४८ र गत आर्थिक वर्षको जिम्मेवारी सरि आएका ९ सय २३ उजुरी गरी तीन हजार ९७१ उजुरी दर्ता भएको थियो। कुल उजुरीमध्ये दुई हजार १ उजुरी फछ्र्योट भएको र बाँकी एक हजार ६१ उजुरी आव ०८२/०८३ मा छानबिन हुने गरी जिम्मेवारी सरेको अख्तियारले जनाएको छ।

आयोगमा घुस रिसवतसम्बन्धी ३७ वटा, गैरकानुनी हानि लाभसम्बन्धी ३५ वटा, झुठा नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी २७ वटा, सार्वजनिक सम्पत्ति हानी नोक्सानीसम्बन्धी २४ वटा, गैरकानुनी सम्पत्ति अर्जनसम्बन्धी आठ उजुरी परेको थियो।

उक्त उजुरीहरूमा छ सय १९ पुरुष, ९४ महिला तथा ४० संस्थागत गरी सात सय ५३ प्रतिवादीविरुद्ध कैद सजाय तथा जरिवाना गरिएको जनाइएको छ।

## कृषकहरु बाँदरबाट हैरान, हानिकारक वन्यजन्तु घोषित


**टुडे समाचारदाता**

जनकपुरधाम । लामो समयदेखि कृषकहरु वन्यजन्तुबाट हैरान हुँदै आएका छन्।

प्रत्येक वर्ष खेतबारीमा लगाइएका अन्नवालीदेखि तरकारी वालीसम्ममा नोक्सान गर्दै आएका निल गाईदेखि बाँदरसम्मबाट त्रसित रहँदै आएका कृषकहरुका लागि केही राहत मिल्ने भएको देखिन्छ । अबदेखि कृषकहरुले आफ्नो अन्नवालीहरु जोगाउनका लागि विभिन्न उपाय अपनाउने सक्नेछन्।

सरकारले जंगली रातो बाँदरलाई पुनः कृषि हानिकारक वन्यजन्तु घोषणा गरेपछि केही हदसम्म राहत मिल्ने भएको कृषकहरु बताउन थालेका छन्।

वन तथा वातावरण मन्त्रालयले दोस्रो पटक जंगली रातो बाँदरलाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरेको छ। बिहीबार राजपत्रमा प्रकाशित सूचना अनुसार सूचना प्रकाशन



भएको मितिबाट एक वर्षसम्मका लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरिएको छ।

कृषि वन्यजन्तु घोषणा भएसँगै जंगली रातो बाँदरले निजी खेत, खला, बारीमा आई क्षति पुऱ्याउने अवस्था भए त्यस्तो खेत, खला, बारीका धनीले तोकिएको सर्तका आधारमा विना अनुमति धपाउन, पक्रन र लखेट्न सक्ने भएका छन्।

सो क्रममा रातो बाँदरको मृत्यु भए पनि कारबाही नहुने भएको छ। तर राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र वा राष्ट्रिय वन क्षेत्रमा जंगली बाँदरलाई धपाउन, लखेट्न वा पक्रन भने पाइँदैन।

सरकारले यसअघि गत वर्ष माघमा जंगली रातो बाँदरलाई पहिलो पटक कृषि हानिकारक वन्यजन्तु घोषणा गरेको थियो । अहिले बालीनालीमा जंगली बँदेल र बाँदरको आक्रमण कृषकका लागि टाउको दुखाइ बनेको छ।

वन मन्त्रालयका अनुसार जंगली रातो बाँदरले किसानको खेतबारीमा आई बालीनाली वा जनधन हानि-नोक्सानी पुऱ्याए किसान एक्लै वा सामूहिक रूपमा त्यस्तो बाँदरलाई धपाउन, लखेट्न वा पक्रन सक्ने छ।

रातो बाँदर पक्रेर बाँदर सम्बन्धित राष्ट्रिय निकुञ्ज कार्यालय, वन्यजन्तु आरक्ष कार्यालय, शिकार आरक्ष वा संरक्षण क्षेत्रको कार्यालय, डिभिजन वन कार्यालय वा मातहत नजिक कार्यालयमा बुझाउनुपर्ने हुन्छ।

बाँदर धपाउने क्रममा मारिएमा सम्बन्धित वडाका कम्तीमा एक जना प्रतिनिधि सहित स्थानीय पाँच व्यक्तिको रोहबरमा गाड्नुपर्ने हुन्छ। त्यसको जानकारी निकुञ्ज वा वन कार्यालयमा गराउनुपर्ने छ। यसका साथै स्थानीय तहको वडामा समेत त्यसको जानकारी गराउनुपर्ने छ।

रातो बाँदर मारिएमा कार्यालयहरूले हरेक दुई-दुई महिनामा मन्त्रालयमा विवरण पठाउनुपर्ने छ। राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष वा राष्ट्रिय वन क्षेत्रमा भने जंगली रातो बाँदरलाई धपाउन, लखेट्न र पक्रन व्यवस्था भने छैन।

## मधेशका स्थानीय तह कार्यसम्पादनमा कमजोर

**टुडे समाचारदाता**

जनकपुरधाम । स्थानीय सरकारको कार्यसम्पादन मूल्यांकनमा सबैभन्दा कमजोर मधेशको धेरै स्थानीय तह परेको प्राकृतिक स्रोत तथा वित्त आयोगले गरेको ।

सबैभन्दा कमजोर १० स्थानीय तहमा सबै पालिकाहरू मधेश प्रदेशकै परेको छ। नतिजा अनुसार रौतहटको देवाही गोनाही नगरपालिकाले देशभरमै सबैभन्दा कम ३०.९१ अंक प्राप्त गरी कार्यसम्पादनमा सबैभन्दा कमजोर देखिएको छ।

स्थानीय तहहरूले गर्ने बजेट तर्जुमा, खर्चको अवस्था, राजस्व परिचालन, सुशासन र सेवा प्रवाह जस्ता विभिन्न १७ वटा सूचकका आधारमा गरिएको यस मूल्याङ्कनमा मधेसका धेरैजसो स्थानीय तहको प्रदर्शन सन्तोषजनक देखिएको छैन।

कमजोर कार्यसम्पादन गर्ने सूचीको दोस्रो स्थानमा पनि रौतहटकै वृन्दावन नगरपालिका



रहेको छ। जसले ३१.६९ अंक प्राप्त गरेको छ । त्यस्तै धनुषाको धनौजी गाउँपालिका ३२.८१ अंकसहित तेस्रो र पर्साको धोबिनी गाउँपालिका ३२.८८ अंकसहित चौथो कमजोर स्थानीय तहका रूपमा सूचीकृत भएको छ।

मूल्यांकनमा धनुषाको सबैला नगरपालिकाले ३४ अंक प्राप्त गर्दा सप्तरीको अग्नीसयर कृष्ण सवरन गाउँपालिकाले ३४.८१ अंक मात्र जोड्न सफल भएको छ।

यसैगरी धनुषाकै नगराईन नगरपालिका र महोत्तरीको सोनमा गाउँपालिका दुवैले समान ३५ अंक प्राप्त गरेका छन्। कमजोर प्रदर्शन गर्ने १० स्थानीय तहको सूचीमा सर्लाहीको चन्द्रनगर गाउँपालिका ३५.१६ अंकसहित नवौं र रौतहटको फतुवा विजयपुर नगरपालिका ३५.४१ अंकसहित दशौं स्थानमा रहेका छन्।

विशेषगरी रौतहट र धनुषा जिल्लाका स्थानीय तहहरू कार्यसम्पादनमा निकै पछाडि परेको यस तथ्यांकमा देखिएको छ। लेखापरीक्षण, बेरुजुको अवस्था, विद्यालयमा विद्यार्थी टिकाउ दर र स्वास्थ्य सेवा जस्ता आधारभूत सूचकहरूमा यी तहहरूको स्कोर न्यून रहेको जनाइएको छ।

यस्तै कार्यसम्पादनमा कमजोर देखिने स्थानीय तहहरूले आगामी दिनमा संघीय सरकारबाट प्राप्त गर्ने वित्तीय समानीकरण अनुदानमा समेत कटौतीको सामना गर्नुपर्ने चुनौती रहेको छ।



# वीरगञ्जमा लेपमोटरको नयाँ शोरूम उद्घाटन, 'मेगा एक्सचेन्ज क्याम्प' सुरु

टुडे समाचारदाता

वीरगञ्ज । वीरगञ्जस्थित लेपमोटरको अधिकृत डिलर ब्लेजवेल एक्जिम प्रा.लि.ले आदर्शनगरमा आफ्नो नयाँ शोरूम औपचारिक रूपमा सञ्चालनमा ल्याएको छ। फागुन ३० (फेब्रुअरी



१२) मा आयोजित उद्घाटन कार्यक्रममा विशेष अतिथि, सञ्चारकर्मी तथा अटोमोबाइल क्षेत्रका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । यो कदमले प्रदेशमा लेपमोटरका विद्युतीय सवारीसाधनको पहुँच विस्तारमा महत्वपूर्ण टेवा पुऱ्याउने विश्वास गरिएको छ । नेपालमा लेपमोटरका सवारीहरू शाङ्ग्रिला मोटर्स प्रा.लि.ले आधिकारिक रूपमा वितरण गर्दै आएको छ ।

नयाँ शोरूममा बिक्री, सेवा र स्पेयर पार्ट्र्ससम्बन्धी सम्पूर्ण सुविधा एउटै छानामुनि उपलब्ध गराइने कम्पनीले जनाएको छ। ग्राहकहरूले लेपमोटरको विद्युतीय सवारी प्रविधिबारे विस्तृत जानकारी तथा परामर्श प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ, जसले विद्युतीय मोबिलिटीबारे बुझ्न र अपनाउन सहज बनाउने लक्ष्य राखिएको छ ।

शोरूम उद्घाटनसँगै कम्पनीले स्वच्छ ऊर्जामैत्री यातायात प्रवर्द्धन गर्ने उद्देश्यले "Leapmotor Xchange with the Best" नामक विशेष एक्सचेन्ज क्याम्प पनि सुरु गरेको छ। उक्त दुईदिने क्याम्प फागुन १ र २ (फेब्रुअरी १३ र १४) मा आदर्शनगरस्थित पुरानो बसपार्कमा सञ्चालन भइरहेको छ ।

क्याम्पअन्तर्गत ग्राहकहरूले परम्परागत इन्धनबाट चल्ने सवारीलाई लेपमोटरका विद्युतीय सवारीसँग साटफेर गर्न आकर्षक अवसर पाउनेछन् । नगद छुट, पुराना सवारीमा उच्च मूल्यांकन, निःशुल्क एसेसरिज जस्ता विशेष सुविधासहित सहज स्वामित्व प्रक्रिया उपलब्ध गराइएको छ। साथै, शाङ्ग्रिला मोटर्सले क्याम्प अवधिभर रोड ट्याक्स र सवारी दर्ता सेवा निःशुल्क प्रदान गर्ने जनाएको छ।

ईभी चार्जिङसम्बन्धी चिन्तालाई सम्बोधन गर्न कम्पनीले प्रत्येक खरिदमा पूर्ण चार्जिङ समाधान पनि उपलब्ध गराउने घोषणा गरेको छ । यसअन्तर्गत ७ किलोवाट क्षमताको होम चार्जरसँगै २.२ किलोवाटको पोर्टेबल चार्जर निःशुल्क उपलब्ध हुनेछ, जसले घरमै तथा यात्राका क्रममा सहज रूपमा चार्ज गर्न सहयोग पुऱ्याउनेछ ।

गोल्छा अर्गनाइजेसनअन्तर्गत सञ्चालित शाङ्ग्रिला मोटर्स प्रा.लि.ले दीर्घकालीन मूल्य र ग्राहक सहजतालाई केन्द्रमा राख्दै नेपाली अटोमोबाइल बजारमा आफ्नो उपस्थितिलाई सुदृढ बनाउँदै आएको जनाएको छ। वीरगञ्जमा लेपमोटर शोरूमको उद्घाटन तथा एक्सचेन्ज क्याम्प सञ्चालनले देशभर विद्युतीय सवारीलाई थप पहुँचयोग्य बनाउने कम्पनीको प्रतिबद्धता झल्काएको छ ।

कम्पनीले सीमित अवधिका उद्घाटन अफरहरूको लाभ लिन तथा लेपमोटरका विभिन्न मोडल अवलोकन गर्न ग्राहकहरूलाई पुरानो बसपार्क, आदर्शनगरस्थित एक्सचेन्ज क्याम्पमा सहभागी हुन आग्रह गरेको छ ।

# ट्याक्टरको रोटाभेटरमा किचिएर दुई बालिकाको मृत्यु



टुडे समाचारदाता

जलेश्वर । महोत्तरीको मटिहानी नगरपालिका-४ मझौरामा ट्याक्टरको रोटाभेटरमा किचिएर दुई बालिकाको मृत्यु भएको छ ।

बिहीबार दिउँसो खेत जोत्ने क्रममा भएको दुर्घटनामा ७ र ८ वर्षीया बालिकाको घटनास्थलमै ज्यान गएको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र भट्टका अनुसार मटिहानी-४ निवासी गरिब आलमको ज १ त ९७८२ नम्बरको ट्याक्टरले खेत जोतिरहेको थियो । सोही क्रममा स्थानीय ईमराईन राईनकी ७ वर्षीया छोरी फरहाना खातुन र सिरहा नगरपालिका-११ मरडा निवासी सम्तुला राईनकी ८ वर्षीया छोरी रफिया खातुन ट्याक्टरमा चढेका थिए ।

प्रहरीका अनुसार ट्याक्टरबाट खस्ने क्रममा दुवै बालिका पछाडि जडान गरिएको रोटाभेटरमा परेका थिए । त्यसकारण उनीहरूको घटनास्थलमै मृत्यु भएको हो । दुर्घटनापछि ट्याक्टर चालक फरार रहेका छन् । ट्याक्टरका धनी मटिहानी-४ का ४२ वर्षीय फुल महम्मद रहेको प्रहरीले जनाएको छ ।

फरार चालकको खोजी कार्य तीव्र पारिएको र घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जानकारी दिएको छ । मृतक बालिकाको शव परीक्षणका लागि प्रादेशिक अस्पताल जलेश्वर पठाइएको प्रहरीले जनाएको छ ।

# अवैध काठ बरामद

टुडे समाचारदाता

रौतहट । रौतहटको वन क्षेत्रमा भइरहेको अवैध गतिविधिविरुद्ध सुरक्षाकर्मीको सक्रियता बढ्दै जाँदा सालको काठ बोकेको सवारी साधनसहित काठ बरामद गरिएको छ ।

सशस्त्र प्रहरी बल र वन सुरक्षा टोलीको संयुक्त गस्तीले जंगलसहिया क्षेत्रमा शंकास्पद गतिविधि देखेपछि गरिएको जाँचका क्रममा अवैध सालको गोलिया काठ फेला परेको हो। काठ ओसारपसारमा प्रयोग भइरहेको एक भारतीय नम्बरको टाटा सुमो गाडी र एक मोटरसाइकल समेत नियन्त्रणमा लिइएको छ ।

जंगलसहिया सब-डिभिजन वन कार्यालयका प्रमुख विनोद जेठाराको नेतृत्वमा खटिएको टोलीले बुधबार राति करिब ९:३० बजे बागमती नहर



नजिक गस्ती गर्ने क्रममा उक्त काठ बरामद गरेको जनाएको छ । प्रारम्भिक जानकारीअनुसार भारतीय नम्बर प्लेट भएको सुमो गाडीमा सालको काठ लोड गरिएको अवस्थामा फेला परेको थियो भने ना ६७ प १०५१ नम्बरको मोटरसाइकल पनि घटनास्थलबाट बरामद गरिएको डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ ।

सुरक्षा टोली पुगेपछि तस्करीमा संलग्न व्यक्तिहरू सवारीसाधन छाडेर फरार भएको डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्त कुमार साहले जानकारी दिएका छन् ।

बरामद गरिएको काठ तथा सवारीसाधन हाल डिभिजन वन कार्यालयको नियन्त्रणमा राखिएको छ। काठको नापजाँच, कानुनी प्रक्रिया तथा फरार व्यक्तिहरूको खोजी कार्य तीव्र बनाइएको कार्यालयले जनाएको छ ।

यसैबीच, आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा वन क्षेत्रमा तस्करी बढ्न सक्ने आँकलन गर्दै जिल्लाभर सशस्त्र प्रहरीसहितको संयुक्त गस्तीलाई थप कडा बनाइएको डिभिजन वन कार्यालयले बाएका छन् ।

# 'अर्थोकोन-२०२६' सम्मेलन सुरु



बनियानी । झापामा हाडजोर्नी चिकित्सकहरूको बृहत् सम्मेलन 'अर्थोकोन-२०२६' सुरु भएको छ । नेपाल अर्थोपेडिक एसोसिएसनको ३१औँ वार्षिक सम्मेलनसँगै नेपाल, भारत, भूटान, बङ्गलादेशलगायत मुलुकका ५०० भन्दा बढी हाडजोर्नी चिकित्कसहरुको बृहत् सम्मेलन हुने भएको हो ।

बुधबार यहाँ आयोजित पत्रकार सम्मेलनमा आयोजक समितिका अध्यक्ष डा लक्ष्मी मैनालीले आजदेखि फागुन ४ गतेसम्म हुने सम्मेलनमा एक सय जनाभन्दा बढी हाडजोर्नीका अन्तरराष्ट्रिय चिकित्सक तथा नेपालका ४०० भन्दा बढी हाडजोर्नी चिकित्सकको बृहत् सहभागिता रहने बताउनुभयो । 'शिक्षा, नवप्रवर्तन र सहयोग' भन्ने मूल नाराका हुने सम्मेलनले यहाँको स्वास्थ्य पर्यटनलाई प्रवर्द्धन गर्नाका साथै अर्थतन्त्रलाई समेत चलायमान बनाउने अपेक्षा गरिएको उहाँको भनाइ छ ।

डा प्रेमबहादुर साहीले सम्मेलनबाट हाडजोर्नीका क्षेत्रमा भइरहेका नयाँ प्रयोग र सफलताका विषयमा बृहत्त् जानकारी दिन नयाँ र अनुभवी चिकित्सकहरूले गम्भीर विमर्श गर्ने बताउनुभयो । यसले हाडजोर्नीका क्षेत्रमा नेपाली चिकित्सक वैज्ञानिकहरूले नवप्रवर्द्धनका क्षेत्रमा गरेका काम र तीनवटा प्रविधि/उपकरण प्रदर्शनी गरिने उहाँले जानकारी दिनुभयो ।

पत्रकार सम्मेलनमा डा निराजन पराजुलीले अन्तरराष्ट्रिय ख्यातिप्राप्त चिकित्सक आउने भएकाले विद्यार्थी र नयाँ चिकित्सकलाई कार्यक्रम उपयोगी हुने बताउनुभयो । उहाँले सम्मेलनमा 'साइन्टिफिक कोर्स' र विभिन्न चिकित्कसहरूका कार्यपत्रमाथि चर्चा हुने जानकारी दिनुभयो ।

नेपालका डाक्टरहरु चिकित्सा क्षेत्रमा नयाँ प्रविधि र नयाँ-नयाँ आविष्कार गर्न सक्षम भइसकेको भन्दै सम्मेलनले तिनको प्रचारप्रसारमा योगदान पुग्ने डा नागमणि सिंहको भनाइ थियो ।रासस

# आचारसंहिता उल्लंघन गर्नेलाई कारबाहीका लागि प्रेस काउन्सिललाई पत्राचार




काठमाण्डु । निर्वाचन आचारसंहिता, २०८२ उल्लङ्घनको उजुरी परेका सञ्चारमाध्यम र पत्रकारबारे अध्ययन, अनुसन्धान गरी कानुनी कारबाही गर्न निर्वाचन आयोगले प्रेस काउन्सिलमा लेखी पठाएको छ ।

काठमाडौँको तारकेश्वर नगरपालिका-१० स्थित शिवपुरी मिडिया नेटवर्क प्रालिबाट सञ्चालित सगरमाथा पोष्ट डटकमका अध्यक्ष/सम्पादक रबिनप्रसाद थपलिया र प्रबन्ध सम्पादक चित्रकुमार (सिके) चौलागाईंले आफ्ना व्यक्तिगत सामाजिक सञ्जालबाट उम्मेदवारका प्रचारप्रसारका सामग्री निरन्तर पोष्ट गरेको भनी आयोगमा उजुरी परेपछि प्रेस काउन्सिल नेपाललाई कानुनी कारबाहीका लेखी पठाएको हो ।

उजुरीअनुसार यसमा प्रचलित कानुनबमोजिम आवश्यक अनुसन्धान तथा कारबाही गर्न काउन्सिलमा पठाइएको आयोगले जनाएको छ । आफ्ना व्यक्तिगत सामाजिक सञ्जालबाट निर्वाचन आचारसंहिता, २०८२ को दफा ७ को खण्ड (क) र (झ) को प्रतिकूल हुने गरी उम्मेदवारका प्रचारप्रसार सामग्री निरन्तर पोष्ट गरेको भनी उजुरी परेकाले काउन्सिलमा लेखी पठाइएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले बताउनुभयो ।

यसैगरी गोरखापत्र संस्थानले मधेस र बाग्मती प्रदेशका संयोजक हटाएको विषयमा परेको उजुरीका आधारमा पनि स्पष्टीकरण सोधिएको उहाँले जानकारी दिनुभयो । आयोगले संस्थानलाई यस विषयमा दुई दिनभित्र स्पष्टीकरण पेस गर्न पत्राचार गरेको जनाएको छ ।रासस

# स्वास्थ्य बिमाबापत रु एक लाख बराबरको उपचार सेवा यथावत्

काठमाण्डु । स्वास्थ्य बिमा बोर्डले बीमितले पाउँदै आएको रु एक लाखको उपचार सेवा सुविधा नघटाइएको स्पष्ट पारेको छ ।

बिमा गरेबापतको रु एक लाख बराबर उपचार शुल्क यथावत् राखिएको बोर्डका सूचना अधिकारी विकेश मल्लले जानकारी दिनुभयो । उहाँले बीमा कार्यक्रमअन्तर्गत रु तीन हजार ५०० बराबरको योगदान बराबर पाँच जना परिवारले पाउने वार्षिक कुल रु एक लाख बराबरको उपचार सेवाको सीमा यथावत् राखिएको बताउनुभयो ।

बोर्डले रु २५ हजार ओपिडी सेवा र रु ७५ हजार अस्पतालमा भर्ना तथा आकस्मिक सेवाका लागि प्रयोग गर्न सकिने गरी छुट्याइएको सूचना अधिकारी मल्लले बताउनुभयो । स्वास्थ्य बिमा कार्यक्रमअन्तर्गत पाँच जना परिवारसम्मका लागि रु तीन हजार ५०० बराबरको योगदानका आधारमा रु एक लाखसम्मको स्वास्थ्य सेवा सुविधा उपलब्ध गराइन्छ । यस्तै, थप प्रतिसदस्य रु सात सयका दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य रु २० हजार बराबरको सेवासुविधा




थपिने प्रावधान रहेको छ ।

बोर्डले अनावश्यक रूपमा हुने ओपिडी सेवाको प्रयोग र दोहोरोपन रोक्न तथा गम्भीर, जटिल र ज्यान जोखिममा पर्ने रोगको उपचारका लागि स्रोत सुनिश्चित गर्नका लागि सेवाको रकम छुट्याएकाले सोहीअनुसार प्रयोग गर्न पनि आग्रह गरेको छ । सूचना अधिकारी मल्लले भन्नुभयो,"पाँच जनाको परिवारले वर्षभरिमा बढीमा रु दुई हजार ५०० बराबरको बहिरङ्ग सेवा (ओपिडी) सेवा लिन पाउने व्यवस्था छ । पाँच जनाभन्दा बढी सदस्य भएका प्रतिसदस्यले थप रु पाँच हजार बराबरको ओपिडी सेवा कायम गरिएको छ ।"

हाल स्वास्थ्य बिमाको बजेटको ७० प्रतिशतभन्दा ठूलो हिस्सा सामान्य बिरामीको ओपिडी सेवामा नै खर्च भइरहेको छ । यसले गर्दा परिवारमा कसैलाई गम्भीर रोग लाग्दा वा महँगो शल्यक्रिया आवश्यक पर्दा बिमाको रकम अपर्याप्त हुने र बिरामीको आफ्नै खल्तीबाट ठूलो रकम खर्च गर्नुपर्ने अवस्था सिर्जना भएको जानकारहरू बताउँछन् ।

बोर्डका सूचना अधिकारी मल्लले वास्तविक बिरामीको उपचारमा बिमाको रकम खर्च गर्ने उद्देश्यका साथ ओपिडी, अस्पताल भर्ना र शल्यक्रिया जस्ता अलग अलग शीर्षकमा खर्च तोकिएकाले त्यसको पालना गर्न आग्रह गर्नुभयो ।रासस

# क्षेत्रीय सहयोग आवश्यक होइन अनिवार्य छः नेपाल

काठमाण्डु । नेपालले बदलिँदो विश्व परिवेशमा क्षेत्रीय सहयोग आवश्यक मात्र नभई अनिवार्य भएको बताएको छ ।

दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) कार्यक्रम समितिको ६२औँ बैठकमा परराष्ट्र सचिव तथा सार्क स्थायी समितिका अध्यक्ष अमृतबहादुर राईले उक्त कुरा बताउनुभएको हो । आजको विश्वव्यापी चुनौती र अनिश्चितताका बीचमा क्षेत्रीय सहयोग आवश्यक मात्र नभई अनिवार्य भएको भन्दै उहाँले राष्ट्रिय प्रयास र विश्वव्यापी प्रक्रियाबीच सेतुका रूपमा क्षेत्रीय सहकार्य




अत्यावश्यक भएको बताउनुभयो ।

सार्कका महासचिव गोलाम सरवारले सार्कले चार दशकमा हासिल गरेका उपलब्धिको स्मरण गर्दै क्षेत्रीय सहकार्यको आकाङ्क्षालाई व्यवहारमा रूपान्तरण गर्नुपर्नेमा जोड दिनुभयो ।विहीबार समापन हुने बैठकले सार्क सचिवालयको बजेट र कार्यक्रमहरू अनुमोदन गर्नेछ । रासस

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** आज आत्मविश्वास बढ्ने दिन हो । काममा नयाँ जिम्मेवारी आउन सक्छ ।
**वृष :** आर्थिक पक्ष क्रमशः सुधार हुदै जानेछ।
**मिथुन :** आजनयाँविचारलेमनभरिनेछ।काममा ध्यान केन्द्रित गर्न आवश्यक छ ।
**कर्कट :** भावनात्मक पक्ष आज बलियो रहनेछ। परिवारको साथले आत्मबल बढ्नेछ ।
**सिंह :** आज नेतृत्व क्षमता देखाउने अवसर मिल्नेछ ।
**कन्या :** आज योजना बनाएर काम गर्न उपयुक्त दिन हो ।
**तुला :** सम्बन्धमा स्पष्टता ल्याउने दिन हो ।
**वृश्चिक :** आज गोप्य कुरा बाहिर नल्याउनु राम्रो। काममा ध्यान भंग हुन सक्छ ।
**धनु :** आज उत्साह र उर्जा राम्रो रहनेछ । नयाँ सिकाइको अवसर मिल्न सक्छ ।
**मकर :** काममा जिम्मेवारी बढ्ने संकेत छ । परिश्रमले राम्रो नतिजा ल्याउनेछ ।
**कुम्भ:** आज नयाँ सोच र योजना जन्मिन सक्छ। साथीहरुसंग सहकार्य लाभदायक हुनेछ।
**मीन :** आज मन अलि भावुक हुन सक्छ । काममा ढिलाइ भए पनि चिन्ता नगर्नुहोस् ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगञ्जको सीमावर्ती बजार भारतको रक्सौलस्थित रेल स्टेसन। भारतका विभिन्न राज्यसँग रेल सञ्जाल जोडिएकाले पनि भारतीय पर्यटकहरु यहाँ सञ्चालित हुने रेलमार्फत नेपाल आउने गर्छन् । त्यसैगरी नेपालीहरु पनि यो रेलमार्ग प्रयोग गरेर भारतका विभिन्न राज्यमा जाने गर्छन् । *तस्बिर : रासस*

# निर्वाचनको विकल्प छैन : प्रधानमन्त्री कार्की

सोलुखुम्बु ।प्रधानमन्त्री सुशीला कार्कीले हिमाली तथा पहाडी जिल्लाहरूमा आगामी फागुन २१ गते नै निर्वाचन गराउन सम्भव रहेको बताउनुभएको छ ।

हिमाली जिल्लाहरूमा निर्वाचनको तयारी, सुरक्षा व्यवस्थापन तथा भौगोलिक चुनौतीको स्थलगत निरीक्षणका क्रममा विहीबार सोलुखुम्बु आइपुग्नुभएका उहाँले सोलु सहित हिमाली जिल्लामा तोकिएकै मितिमा निर्वाचन सम्पन्न गर्न सकिने अवस्था रहेको जानकारी दिनुभएको हो ।

प्रधानमन्त्री कार्कीले कुनै पनि बहानामा निर्वाचन सार्ने अवस्था नरहेको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो, “देशलाई अस्थिरताको चक्रबाट मुक्त गर्न फागुन २१ को निर्वाचनको विकल्प छैन। हिमाली भेगका चुनौतीलाई मध्यनजर गर्दै सरकारले आवश्यक सबै व्यवस्था गरिसकेको छ।”

प्रधानमन्त्री कार्कीले निर्वाचन भयरहित, शान्त, निष्पक्ष र धाँधलीरहित ढङ्गबाट सम्पन्न हुनेमा ढुक्क रहन आम मतदाता, राजनीतिक दल तथा उम्मेदवारहरूलाई आग्रह गर्नुभयो । सरकारको सम्पूर्ण ध्यान सौहार्दपूर्ण वातावरणमा निर्वाचन सम्पन्न गराउन केन्द्रित रहेको जनाउँदै उहाँले सम्बद्ध सबै निकायलाई



आफ्नो सम्पूर्ण ध्यान निर्वाचनमा केन्द्रित गर्न निर्देशन दिनुभयो ।

जिल्ला सुरक्षा समितिसँगको ‘ब्रिफिङ’मा प्रधानमन्त्री कार्कीले मतदाताले कुनै पनि किसिमको डर, दबाब वा प्रभावबिना मतदान गर्न सक्ने वातावरण सिर्जना गर्न विशेष निर्देशन दिनुभएको छ । हिमाली भेगका दुर्गम मतदान केन्द्रहरूमा सुरक्षामा कुनै सम्झौता नगर्न र आवश्यक परे थप सुरक्षा जनशक्ति परिचालन गर्न उहाँले निर्देशन दिनुभयो ।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी लीलाकुमारी पाण्डे केसीले प्रस्तुत गर्नुभएको अभिलेखीय सामग्रीमार्फत जिल्लाको समग्र सुरक्षा अवस्था, मतदान केन्द्रको भौतिक अवस्था तथा पहुँचसम्बन्धी विवरण प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरिएको थियो । प्रधानमन्त्री कार्कीले सबै मतदान केन्द्रहरूको विशेष अवलोकन गर्दै सुरक्षा, सामग्री ढुवानी र मतपत्र सुरक्षामा उच्च सतर्कता अपनाउन निर्देशन दिनुभएको प्रमुख जिल्ला अधिकारी केसीले जानकारी दिनुभयो । जिल्लामा १२३ मतदानस्थल छन् । यसमा सातवटा हिमाली क्षेत्रमा पर्ने प्रमुख जिल्ला अधिकारी केसीले जानकारी दिनुभयो । विशेष गरी हिमपात, मौसम परिवर्तन र भौगोलिक जोखिमलाई ध्यानमा राख्दै वैकल्पिक योजनासमेत तयार गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

प्रधानमन्त्री कार्कीले हिमाली जिल्लाका मतदाताको मताधिकार सुनिश्चित गर्नु सरकारको संवैधानिक दायित्व भएको उल्लेख गर्दै सोलुखुम्बु जस्ता दुर्गम जिल्लामा पनि मतदाताले सहज रूपमा मतदान गर्न पाउने व्यवस्था मिलाइने बताउनुभयो ।रासस

# विश्व बैंकद्वारा नेपाल फिस्कल ड्यासबोर्ड सार्वजनिक

काठमाण्डु । विश्व बैंकले नेपाल फिस्कल ड्यासबोर्ड सार्वजनिक गरेको छ । यहाँ विहीबार आयोजित कार्यक्रममा विश्व बैंकका प्रतिनिधिले नेपालको सार्वजनिक वित्त व्यवस्थापनसम्बन्धी जानकारी




दिने उद्देश्यले उक्त ड्यासबोर्ड सार्वजनिक गरेको हो ।

उक्त ड्यासबोर्डमा सङ्घ, प्रदेश र स्थानीय तहसँग सम्बन्धित वित्तीय जानकारी उपलब्ध हुनेछ । ड्यासबोर्डमा प्रमुख वित्तीय तथ्याङ्कलाई एकीकृत र सहज रुपमा प्राप्त गर्न सकिनेछ । विश्व बैंकका अनुसार ड्यासबोर्डमा सङ्घ, प्रदेश र स्थानीय तहको आम्दानी, खर्च र वित्तीय व्यवस्थापनसँग सम्बन्धित तथ्याङ्क उपलब्ध हुनेछ । उक्त तथ्याङ्कलाई विभिन्न कोणबाट विश्लेषण गर्न सकिने छ। सरकार, नागरिक समाज तथा विकास साझेदारहरुसँगको परामर्शपछि ड्यासबोर्ड तयार पारिएको विश्व बैंकले जनाएको छ ।

प्रयोगकर्ताले विश्व बैंकको वेबसाइटमा गइ उक्त ड्यासबोर्ड प्रयोग गरी आवश्यक तथ्याङ्क लिन सक्नेछन् । ड्यासबोर्डमा विभिन्न आर्थिक वर्षको बजेट, राजस्व, चालु तथा पुँजिगत खर्च तथा वित्तीय व्यवस्थापनसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गर्न सकिन्छ ।

त य स अवसरमा अर्थमन्त्रालयका उपसचिव हिक्मतबहादुर भण्डारीले यसप्रकारको ड्यासबोर्ड निकै उपयोग भएको उल्लेख गर्दै सरकारले पनि सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी ड्यासबोर्ड निर्माणको तयारी गरिरहेको बताउनुभयो । उहाँले अबको एक वर्षभित्रमा उक्त ड्यासबोर्ड तयार भइ सार्वजनिक हुनेछ । राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष शिवराजअधिकारीलेड्यासबोर्डको उपयोगिताका सम्बन्धमा धारणा राख्दै यो सरोकारवाला निकाय, नीति निर्माता, अनुसन्धानकर्ता, पत्रकार तथा विद्यार्थीका लागि उपयोगी हुनेमा जोड दिनुभयो । ड्यासबोर्ड विश्व बैंकको वेबसाइटमा गएर हेर्न सकिन्छ ।

विश्व बैंकका सार्वजनिक क्षेत्र विज्ञ यासिहिरो साइतोले उक्त ड्यासबोर्ड धेरैका लागि उपयोगी हुने अपेक्षा गरिएको बताउनुभयो । उहाँले ड्यासबोर्डको म्यानुअल पनि वेबसाइटमा उपलब्ध भएकाले प्रयोगकर्ताका लागि सहज हुने उल्लेख गर्दै आगामी दिनमा सुझावका आधारमा थप परिस्कृत गरिने बताउनुभयो । रासस

# दलहरूबीच सहकार्य हुँदै आएको छ : संयोजक दाहाल



गलकोट । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ले विभिन्न कम्युनिष्ट पार्टीमा राजनीतिक मतभेद भए पनि राष्ट्रलाई अप्ठेरो परेका बेला सहकार्य हुँदै आएको बताउनुभएको छ ।

विहीबार जिल्लाको गलकोटमा आयोजना गरिएको नेकपा र राष्ट्रिय जनमोर्चाको संयुक्त चुनावीसभालाई सम्बोधन गर्दै उहाँले देशभर एकताको सन्देश दिने गरी बागलुङमा सहकार्य गरिएको बताउनुभयो ।

संयोजक दाहालले जनमोर्चासँगको चुनावी तालमेलले नेपालभर एकताको सन्देश दिएको र यो सहकार्य चुनावपछि पनि कायम रहने बताउनुभयो । “विभिन्न कम्युनिष्ट पार्टीमा राजनीतिक मतभेद छन्, तर राष्ट्रलाई अप्ठेरो पर्दा विगतमा पनि सहकार्य गर्दै आएका छौं। यसपटक पनि देशलाई सङ्कटबाट टार्न कार्यगत एकता र गठबन्धन हुन्छ”, उहाँले भन्नुभयो,“गत भदौं २३ र २४ मा भएको आन्दोलनपछिको अवस्थालाई हेरेर हामीले पार्टी एकता र सहकार्य अगाडि बढाएका छौं । त्यही क्रममा जनमोर्चासँग सहकार्य भएको हो ।”

नेकपा मसालका महामन्त्री मोहनविक्रम सिंहले देश गम्भीर सङ्कटमा परेको र निर्वाचनले सही मार्गमा ल्याउने विश्वास व्यक्त गर्नुभयो । उहाँले आगामी फागुन २१ मा हुने निर्वाचनलाई सामान्य रूपमा नलिन आग्रह गर्दै देशको हितमा काम गर्नेलाई पहिचान गरेर मतदान गर्न आग्रह गर्नुभयो । यहाँ रहेका दुई निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं १ मा नेकपाले जनमार्चाका कृष्ण अधिकारी र क्षेत्र नं २ मा जनमोर्चाले नेकपाका उम्मेदवार ज्ञामनाथ गैरेलाई सघाउने सहमती भएको कार्यक्रममा जानकारी दिइयो ।रासस

# प्रत्यक्षतर्फका सबै उम्मेदवारलाई यही फागुन ३ गतेभित्र घोषणापत्र बुझाउन आह्वान

काठमाण्डु । निर्वाचन आयोगले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फका सबै




उम्मेद्वारलाई आगामी फागुन ३ गतेभित्र सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पेस गर्न आह्वान गरेको छ ।

निर्वाचन आचारसंहिता, २०८२ को दफा ३७ बमोजिम आगामी फागुन ३ गतेभित्र निर्वाचन घोषणापत्र सार्वजनिक गरी एकप्रति सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा पेस गर्न आयोगको माघ २७ गतेको निर्णय अनुसार प्रत्यक्ष निर्वाचन प्रणालीतर्फका सबै उम्मेदवारलाई शाखा अधिकृत (कानुन) अरुण अधिकारीले पत्राचार गर्नुभएको हो।

आयोगले सबै प्रदेश/जिल्ला निर्वाचन कार्यालयलाई प्राप्त घोषणापत्रको अभिलेख राखी विवरण आयोगमा पठाउन पत्राचार गरेको हो । यसैगरी सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयलाई जानकारी गराउन पनि आयोगले आह्वान गरिएको पत्रमा उल्लेख छ । आयोगले यसअघि नै सबै राजनीतिक दललाई पनि फागुन ३ गतेभित्र दलीय निर्वाचन घोषणापत्र सार्वजनिक गर्न पत्राचार गरेको थियो ।रासस

# दक्ष प्रहरी जनशक्ति उत्पादनमा प्रहरी प्रशिक्षण प्रतिष्ठानको महत्वपूर्ण भूमिका छ : प्रहरी महानिरीक्षक

काठमाण्डु । प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले दक्ष प्रहरी जनशक्ति उत्पादनमा प्रहरी प्रशिक्षण प्रतिष्ठानको महत्वपूर्ण भूमिका रहेको बताउनुभएको छ ।



राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानको ७० औं वार्षिकोत्सवका अवसरमा विहीबार आयोजित कार्यक्रममा उहाँले दक्ष प्रहरी जनशक्ति उत्पादनमा प्रतिष्ठानले खेलेको भूमिका सराहनीय छ भन्नुभयो ।

उहाँले नेपाल प्रहरीले विभिन्न कालखण्डमा सामना गरेका सुरक्षा चुनौती, राजनीतिक परिवर्तन, सामाजिक रूपान्तरण र प्रशासनिक सुधारका हरेक चरणमा प्रतिष्ठानले समयानुकूल दक्ष, सक्षम, गुणस्तरीय तथा अनुशासित जनशक्ति उत्पादनमा खेलेको भूमिका प्रशंसनीय रहेको बताउनुभयो ।प्रहरी महानिरीक्षक कार्कीले प्रहरी संगठनको आधारशीला भनेकै अनुशासन र तालिम रहेको र त्यो आधारशिलालाई मजबुत बनाउन प्रतिष्ठानले विगत सात दशकदेखि दिँदै आएको योगदान स्मरणीय रहेको बताउनुभयो ।

उहाँले बदलिँदो सुरक्षा चुनौती, प्रविधिको तीव्र विकासलगायतमा आएको परिवर्तन र अपराधका नयाँ-नयाँ स्वरूपलाई मध्यनजर गर्दै प्रतिष्ठानले तालिम प्रणाली र तालिम प्रदान गर्ने शैलीमा गर्दै आएको समय सापेक्ष परिमार्जनको प्रयास सराहनीय रहेको बताउनुभयो ।

प्रहरी महानिरीक्षक कार्कीले प्रहरी तालिमकोप्रभावकारिताअभिवृद्धिसँगै प्रहरी सेवाप्रति जनविश्वास बढाउन पनि गुणस्तरीय तालिम अपरिहार्य रहेको उल्लेख गर्दै अनुशासन र सेवाभावलाई प्रहरीको उदाहरणीय पहिचान बनाउनेकार्यमा प्रतिष्ठानको भूमिका अझ प्रभावकारी हुनुपर्नेमा जोड दिनुभयो ।

प्रतिष्ठानका कार्यकारी निर्देशक, प्रहरी अतिरिक्त महानिरीक्षक शिद्धी विक्रम शाहले प्रतिष्ठानको गरीमा, विशिष्टता र व्यावसायिकतालाई अक्षुण्य राख्न प्रतिष्ठान परिवार सदैव कटिबद्ध रहेको बताउनुभयो ।कार्यक्रममा प्रहरी महानिरीक्षक कार्कीले प्रहरीको प्रशिक्षणलगायत अन्य विभिन्न क्षेत्रमा विशेष योगदान पुऱ्याउनु हुने अवकाश प्राप्त प्रहरी निरीक्षक ठागाप्रसाद चौधरीलाई ‘लाइफ टाइम एचिभमेन्ट अवार्ड’ प्रदान गर्नुभयो ।

उहाँले प्रशिक्षण गतिविधिलाई व्यवस्थित एवम् प्रभावकारी रूपमा सञ्चालन गरी दक्ष एवम् व्यावसायिक जनशक्ति उत्पादन गर्नमा उल्लेखनीय योगदान पुऱ्याई सर्वोत्कृष्ट तालिम केन्द्र बन्न सफल नेपाल प्रहरी शिक्षालय भरतपुर चितवनका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक तारादेवी थापालाई सर्वोत्कृष्ट तालिम केन्द्रको रनिङ शिल्ड सहित प्रशंसापत्र प्रदान गर्नुभयो ।सो अवसरमा उहाँले प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगंजद्वारा प्रकाशित ‘प्रेरणा-२०८२’को लोकार्पण गर्नुभएको थियो ।रासस

# जिब्रोको स्वादभन्दा शरीरलाई स्वस्थ बनाउने खानामा ध्यान दिन आग्रह

काठमाण्डु । आहारविद् तथा योग प्रशिक्षक डा राजु अधिकारीले जिब्रोको स्वादभन्दा शरीरलाई स्वस्थ बनाउने खानामा ध्यान दिन आग्रह गर्नुभएको छ । उहाँले स्वादिष्ट भोजनभन्दा शरीरलाई तन्दुरुस्त बनाउने खानेकुरामा जोड दिनुमै सबैको हित रहेको बताउनुभयो ।

समाचार समिति (रासस) को ६५ औं वार्षिकोत्सवका अवसरमा विहीबार राष्ट्रिय कर्मचारी सङ्घ, राससद्वारा केन्द्रीय कार्यालयमा आयोजित ‘सन्तुलित भोजन, स्वस्थ्य जीवन’ विषयक कार्यक्रममा डा अधिकारीले स्वस्थ्य रहन सन्तुलित भोजन र स्वस्थ्य जीवनशैली अपनाउनुपर्ने सल्लाह दिनुभयो । उहाँले सकारात्मक भाव पैदा गर्ने




खानामा दिन सबैले जोड दिन र खानाप्रतिको दृष्टिकोण परिवर्तन गर्न आवश्यक रहेको बताउनुभयो । डा अधिकारीले भन्नुभयो, “कम्तीमा दैनिक सात हजार पाइला हिँड्न आवश्यक छ । पत्रु खाना मात्र होइन, पत्रु जीवनशैली नै त्याग्नुपर्छ । ध्यान र योग स्वस्थ्य जीवनशैलीका लागि आवश्यक छ। विषादीजन्य खानेकुराले पार्ने नकारात्मक असरबारे सबै सचेत बन्नुपर्छ ।”

विषादी र प्रदूषणले आहारविहारमा असर पारेकाले योग, व्यायाम र सकारात्मक सोच नै स्वस्थ्यकर जीवनशैलीको मूलमन्त्र रहेकामा कार्यक्रममा चर्चा गरिएको थियो ।

सञ्चारकर्मीका लागि स्वजागरण

वार्षिकोत्सवकै अवसरमा रासस कर्मचारी युनियनले बुधबार ‘सञ्चारकर्मीका लागि स्वजागरण’ कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा जीवनविज्ञानका प्रशिक्षकहरू डा आरती रेग्मी र कलाकार निर्मला खड्काले स्वजागरण एवं ध्यानका विषयमा प्रस्तुतीकरण तथा अभ्यास गराउनुभएको थियो ।रासस

# प्रधानसेनापतिसँग युवा आदानप्रदान कार्यक्रममा सहभागीको भेट

काठमाण्डु । प्रधानसेनापति अशोकराज सिग्देलसँग नेपाली सेनाको वार्षिकोत्सवका अवसरमा राष्ट्रिय सेवा दलद्वारा आयोजना हुने युवा आदानप्रदान कार्यक्रममा सहभागी हुन आउनुभएका प्रतिनिधिमण्डलले भेट गरेका छन् ।

सो समारोहमा सहभागी हुन आउनुभएका भारतको राष्ट्रिय क्याडेड कोरका महानिर्देशक वीरेन्द्र भाट, पाकिस्तानको मानव स्रोतका महानिर्देशक महम्मद शाहिद अब्रो, भुटानको विद्यालय शिक्षा विभागका निर्देशक टासी नाम्गेल तथा माल्दिभ्सका यासिर मोहम्मदको नेतृत्वमा नेपाल भ्रमणमा आएका प्रतिनिधिमण्डलले विहीबार जङ्गी अड्डामा शिष्टाचार भेट गरेको हो ।भ्रमणको दौरान सो टोलीले राष्ट्रपति, प्रधानमन्त्री तथा रक्षामन्त्रीसँग भेटघाट गर्ने कार्यक्रम रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

उक्त टोलीले आगामी फागुन ३ गते सैनिक मञ्च, टुँडिखेलमा आयोजना हुने सेना दिवसको विशेष कार्यक्रमको अवलोकन गर्नेछ । त्यसैगरी भ्रमण टोलीले विभिन्न ऐतिहासिक, धार्मिक तथा पर्यटकीयस्थलकोसमेत भ्रमण गर्ने कार्यक्रम रहेको सेनाले जनाएको छ ।यसप्रकारको कार्यक्रमबाट विभिन्न राष्ट्रका छात्रछात्राबीच एक अर्को राष्ट्रका कला, भाषा र संस्कृतिलगायत अनुभव र ज्ञान साटासाट गर्ने अवसर प्राप्त हुने सेनाको विश्वास छ ।रासस


# बालअधिकारका विषय घोषणापत्रमा समावेश गर्न अनुरोध

काठमाण्डु । बालबालिका शान्ति क्षेत्र राष्ट्रिय अभियानले बालअधिकारका विषयलाई आफ्ना घोषणापत्रमा समावेश गर्न सबै राजनीतिक दलसमक्ष अनुरोध गरेको छ।

अभियानले बालअधिकारको रक्षासँग सम्बन्धित विषयलाई घोषणापत्रमा समावेश गर्न ध्यानाकर्षण गराउँदै राजनीतिक दलका प्रतिनिधिलाई २५ बुँदे सुझाव हस्तान्तरण गरेको छ।

सबै स्थानीय तह, प्रदेश र सङ्घमा बालअधिकार सुनिश्चितताका निम्ति नेपालको संविधान, बालअधिकारसम्बन्धी महासन्धि, १९८९, बालबालिकासम्बन्धी ऐन, २०७५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय बालबालिका नीतिको पालनामा अभियानले जोड दिएको छ।

यसैगरी, बालमैत्री स्थानीय शासन, बालविवाहमुक्त स्थानीय तह, बालश्रममुक्त स्थानीय तह, पोषणयुक्त स्थानीय तह, वातावरणमैत्री स्थानीय तह, बाल हिंसामुक्त स्थानीय तह, सडक बालबालिकामुक्त स्थानीय तह निर्माणका साथै बालबालिकाको हकहित र अधिकारको सुनिश्चितता गर्ने विषयलाई प्राथमिकतामा राख्न अनुरोध गरिएको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# परिक्रमामा असर

प्रतिनिधि सभा सदस्य पदका लागि फागुन २१ गते हुने निर्वाचनको कारण मिथिलाको अत्यन्त महत्वपूर्ण मानिएको १५ दिने माध्यमिकी परिक्रमालाई असर गर्ने भएको छ । फागुन ४ गते मिथिला बिहारी भगवानको डोला परिक्रमाका लागि उठ्ने छ । भारतको ४ स्थान र नेपालको ११ स्थानको परिक्रमा गर्न दुई देशका हजारौँ श्रद्धालुहरु सहभागी हुने गर्छन् । १५ दिने परिक्रमाको हरेक विश्रामस्थल धार्मिक र सांस्कृतिक महत्व बोकेको छ । ऋषिमुनीहरुको आश्रम रहेका स्थलहरु, भगवान शिवको आगमन भएका स्थलहरु, भगवान सीतारामसित जोडिएका स्थलहरु परिक्रमा मार्गमा पर्छ । हरेक परिक्रमाको क्रममा राती बास बस्दा फरक-फरक किसिमको फल प्राप्ति हुने धार्मिक मान्यता छ । १ सय ३५ किलोमिटर लामो दुरी रहेको परिक्रमाले नेपाल र भारतबीचको सम्बन्धलाई समेत सुदृढ बनाउँदै आएको छ । हालको माध्यमिकी परिक्रमालाई मौनी बाबाले व्यवस्थित गरेका हुन् । त्यस अघि बृहत्त परिक्रमाको दुरी धेरै लामो थियो । ८० दिन लगाएर बृहत्त परिक्रमा गरिन्थ्यो । धेरै लामो र धेरै समय लाग्ने भएकाले त्यो परिक्रमामा सीमित साधुसन्तहरुको सहभागिता रहने गरिएको थियो । उक्त परिक्रमालाई मौनी बाबाले छोट्याएर बनाइएको माध्यमिकी परिक्रमामा साधुसन्तका साथै गृहस्थ परिवारका हजारौँ मानिसहरुको सहभागिता हुने गर्छ । नेपालमा माओवादीको सशस्त्र संघर्ष भएको बेला परिक्रमामा सहभागिहरुको संख्या कम भएको थियो । त्यो सशस्त्र संघर्षको प्रभाव अझै पनि परिक्रमामा छ । जनकपुरधाम समेत परिक्रममामा सहभागी हुने साधुसन्तहरुले माओवादी सशस्त्र संघर्षकालदेखि नै छाडिसकेका छन् । हाल परिक्रमामा गृहस्थ परिवारका सदस्यहरु नै बढी रहने गरेका छन् । साधुसन्तहरुको सहभागिता घटेको असर गृहस्थ परिवारको सहभागितामा समेत परेको छ । धनुषा जिल्लाको मिथिला बिहारी नगरपालिकाको कचुरीबाट मिथिलाबिहारी भगवानको डोला सहित प्रारम्भ हुने परिक्रमाको पहिलो रात्रि विश्राम जनकपुरधामको हनुमान नगरमा हुने गर्छ । तर परिक्रमाको खास प्रारम्भ स्थल भारत बिहारको कलनास्थित कल्याणेश्वर महादेवको साक्षी दर्शनबाट हुन्छ । परिक्रमा गर्दै फेरि कल्याणेश्वरमा भगवान भोलेनाथको दर्शन गरी परिक्रमा पूरा भएको भनिए पनि परिक्रमाका सहभागीहरु पूर्णिमाको दिन जनकपुरधामको अन्तरगृह परिक्रमा गर्छन् । अन्तरगृह परिक्रमामा १५ दिने परिक्रमाका सहभागीहरु बाहेक भारी संख्यामा श्रद्धालुहरु थपिन्छ । तर यस पटक चुनाव परेकोले त्यसको प्रभाव परिक्रमामा पनि पर्नेछ । १९ गते फागु पूर्णिमा परेको छ र फागुन २१ गते चुनाव परेको छ । चुनावको कारण बोर्डरशील हुनेछ । त्यस्तो अवस्थामा परिक्रमाका भारतीय सहभागीहरुलाई घर फर्किन समस्या हुने देखिन्छ । हुन त स्थानीय प्रशासनले उनीहरुलाई घर फर्किन सहजीकरण गर्ने भएको छ । तैपनि चुनावको कारण परिक्रमामा भारतीय सहभागीहरुको संख्यामा कमी आउने देखिन्छ ।

# उन्नत लोकतन्त्रका लागि समावेशी निर्वाचन



धर्मेन्द्र झा

प्रतिनिधिसभाको निर्वाचन आसन्न छ । तय कार्यक्रमअनुसार आगामी महिना अर्थात फागुनको २१ गते एकै चरणमा मतदान हुनेछ । गत भदौको २३ र २४ गते युवाहरुको अगुवाइमा भएको आन्दोलनको जगमा हुन लागेको आसन्न निर्वाचन धेरै कारणले महत्वपूर्ण छ । दशौँ संविधान दिवसको पूर्व सन्ध्यामा भएको युवा (जेनजी) आन्दोलन कसैको पनि विस्मृतिमा पुगिसकेको छैन । आन्दोलनको प्रकृतिको विश्लेषण गर्दा आन्दोलनकारीले सरकार परिवर्तन गर्न चाहेका थिए र आफूले उठान गरेका मुद्दाको सम्बोधन यही संविधानमार्फत चाहेका थिए ।

सुशीला कार्कीको नेतृत्वमा नयाँ सरकार बनाउन सफलता पाएको युवा पुस्ता केन्द्रित दुई दिने आन्दोलनको निश्चय पनि कालजयी महत्व छ र यसको चर्चा सुदूर भविष्यसम्म रहनेछ । यो घटना विश्वका धेरे देशमा धेरै दिनसम्म उदाहरणीय बन्नेछ । यस पृष्ठभूमिमा यसपटकको निर्वाचनका सन्दर्भमा केही कुराको प्रक्षेपण गर्न सकिन्छ । पहिलो, निर्वाचनले पारम्परिक सरकारको अवधारणामा परिवर्तन ल्याउनेछ । दोस्रो, लोकतन्त्रलाई थप सबल र सुदृढ गर्नेछ । तेस्रो, संविधानको भावनाको अनुशरण र कार्यान्वयनमा बल पुग्नेछ । चौथो, युवा भावना र आवाजलाई थप प्रभावकारी बनाउनेछ र पाँचौँ, देश विकासका लागि आवश्यक नयाँ मुद्दा र प्रक्रियाको पहिचान गर्नेछ ।

यति मात्र होइन, समावेशीताको औचित्य र आवश्यकताका सम्बन्धमा नयाँ ढङ्गले बहस प्रारम्भ गर्नेछ । माथि उल्लेख गरिएका कुराहरु कुनै न कुनै रुपमा समग्रमा राष्ट्रनिर्माणको अवधारणा र प्रक्रियासँग सम्बन्धित छन् भन्नु गलत हुँदैन । यस सन्दर्भमा निर्वाचन महत्वपूर्ण माध्यम हुने कुरामा विमति हुनसक्दैन । तर सामान्य प्रक्रियाभन्दा समावेशी निर्वाचन प्रक्रियाले अपेक्षित परिणाम प्राप्तिमा सघाउ पुग्छ, यसमा पनि असहमति व्यक्त गर्न सकिँदैन ।

### लोकतन्त्र-गुणस्तर मापनको सूचक समवेशीता

निर्वाचनमा समावेशीता लोकतन्त्रको गुणस्तर मापन गर्ने महत्वपूर्ण सूचक हो । निर्वाचनमा समावेशीता भन्नाले समाजका सबै वर्ग, समुदाय र समूहको समान पहुँच, प्रतिनिधित्व र सहभागिता सुनिश्चित गर्नुमात्र होइन विविध मुद्दाप्रतिको स्वीकारोक्ति पनि हो । उपलब्ध विविधतालाई एकताको मालामा उन्ने सशक्त विधि हो समावेशीता । यस अवधारणाभित्र मतदाता दर्तादेखि उम्मेदवारी, प्रचारप्रसार, मतदान, मतगणना र प्रतिनिधित्वसम्मका सबै चरणमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, हिमालीलगायतका पिछडिएका क्षेत्रका नागरिक र प्रवासी मतदाताको अर्थपूर्ण सहभागिता समेटिन्छन् र समेटिन सक्नुपर्छ । सारमा यो देश सबै नेपालीको हो र प्रत्येक नेपालीमा देश मेरो पनि हो भन्ने भावनाको विकास हुनु अनिवार्य छ । यसका लागि देशप्रतिको स्वामित्वबोध हुनु अपरिहार्य छ । यस प्रक्रियामा समावेशीको अवधारणाले मद्दत गर्ने कुरामा दुईमत हुन सक्दैन । आसन्न निर्वाचनमा निर्वाचनको सम्पूर्ण प्रक्रियामा समावेशी अवधारणाको कार्यान्वयन आवश्यक छ ।

निर्वाचन लोकतन्त्रको आत्मा हो । निर्वाचनमार्फत जनताले आफ्ना प्रतिनिधि चयन गर्छन् र शासन प्रक्रियामा प्रत्यक्ष सहभागिता जनाउँछन् । बुझ्नुपर्ने कुरा के हो भने निर्वाचन केबल मत हाल्ने प्रक्रियासम्म मात्र सीमित हुँदैन; यो समावेशी, न्यायोचित र समान अवसरमा आधारित हुनुपर्छ । जाति, लिङ्ग, भाषा, क्षेत्र, अपाङ्गता, आर्थिक अवस्था वा सामाजिक पहिचानका कारण कुनै समूह निर्वाचन प्रक्रियाबाट उपेक्षित र बहिष्कृत हुनुहुँदैन, त्यसो भयो भने लोकतन्त्र अपूर्ण हुन जान्छ । त्यसैले पनि आजको विश्वमा निर्वाचनमा समावेशीता लोकतान्त्रिक सुशासनको प्रमुख सवाल मात्र बनेको छैन, कतिपय सन्दर्भमा त समावेशी निर्वाचनको अवधारणा आजको पछिल्लो पुस्ताको उन्नत लोकतन्त्रका लागि अनिवार्य शर्तका रूपमा पनि स्वीकृत भएको छ ।

### नेपालको संवैधानिक व्यवस्था र समावेशी निर्वाचन

विसं २०६२/६३ को जनआन्दोलनपछि राज्य पुनःसंरचनासँगै गम्भीर रूपमा उठान भएको विषय हो समावेशीताको सवाल । नेपालको संविधान २०७२ले समावेशी लोकतन्त्रलाई मूल आधारका रूपमा स्वीकार गरेको छ ।

संविधानको प्रस्तावनामै सामाजिक न्याय, समावेशीता र समानुपातिक प्रतिनिधित्वको प्रतिबद्धता व्यक्त गरिएको छ । संविधानको धारा ८४ अनुसार प्रतिनिधिसभा निर्वाचनमा समानुपातिक समावेशी सिद्धान्त अवलम्बन गरिएको छ । राजनीतिक दलहरूले बन्द सूची प्रणालीमार्फत उम्मेदवार चयन गर्दा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, पिछडिएका क्षेत्र र खस आर्य समुदायलाई जनसङ्ख्याको अनुपातमा समेट्नुपर्ने व्यवस्था छ । यसैगरी, राष्ट्रियसभामा पनि महिला, दलित र अपाङ्गता भएका वा अल्पसङ्ख्यक समुदायको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गरिएको छ । स्थानीय तहमा त झनै समावेशीता मजबुत बनाइएको छ । गाउँपालिका र नगरपालिकाका प्रमुख वा उपप्रमुखमध्ये एकजना महिला हुनैपर्ने, वडास्तरमा दलित महिला सदस्य अनिवार्य हुने व्यवस्था अन्तरराष्ट्रिय अभ्यासमै उदाहरणीय मानिन्छ । यसकारण नेपालमा महिलाको राजनीतिक प्रतिनिधित्व उल्लेखनीय रूपमा बढेको छ ।

लोकतन्त्रको सुदृढीकरणका लागि समावेशी निर्वाचन आजको आवश्यकता मात्र होइन, भविष्यको आधार पनि हो । संविधानले सैद्धान्तिकरुपमा समावेशी अवधारणालाई स्वीकार गरे पनि व्यवहारमा कति कार्यान्वयन हुन सकेको छ ? त्यो. अध्ययन र मूल्याङ्कनकै विषय हो भन्दा फरकपर्ने छैन । प्रतिनिधिसभा र राष्ट्रियसभामा समावेशी अवधारणाका आधारमा प्रतिनिधित्व सुनिश्चित गर्न खोजिए पनि चोर बाटा थुप्रै अख्तियार गरिएका छन्, जसबाट दल र तिनका नेताले आफूले इच्छाएकालाई त्यहाँ लग्ने गरेका छन् । केही हदसम्म हुनेखाने नै त्यहाँ पुग्ने गरेको आरोप पनि लाग्ने गरेको छ, जसलाई सम्पूर्ण ढङ्गले अस्वीकार गर्ने अवस्था छैन ।यस्तै प्रतिनिधिसभामा प्रत्यक्षतर्फको निर्वाचनमा महिलालाई उचित सङ्ख्यामा प्रतिनिधित्व गराउन नसकिएको अवस्थामा समानुपातिकतर्फबाट संसद्मा प्रवेश गराउने विधि अपनाइएको छ । यसको प्रभाव अन्य क्षेत्रमा पर्न खोजेको छ भन्नु असङ्गत नहोला । महिलाका लागि केही निर्वाचन क्षेत्र नै आरक्षित गर्नु र निश्चित प्रतिशत तोकी दलहरुलाई अनिवार्यतः उम्मेदवार बनाउन बाध्य गर्नुजस्ता केही थप विधिबाट प्रत्यक्षतर्फ महिला प्रतिनिधित्व सुनिश्चित गर्न सकिए अन्य क्षेत्रमा यसको सकारात्मक प्रभाव पर्ने अपेक्षा गर्न सकिन्छ ।

### व्यवहारमा देखिएका चुनौती

संवैधानिक र कानुनी व्यवस्था प्रगतिशील भए पनि माथि उल्लेख गरिएजस्तै व्यवहारमा भने समावेशी निर्वाचन अझै चुनौतीपूर्ण छ । नेपालले संवैधानिक र कानुनीरूपमा समावेशी निर्वाचनलाई विशेष महत्व दिएको पाइन्छ तर व्यावहारिक कार्यान्वयन, प्रतिनिधित्वको गुणस्तर र निर्णय प्रक्रियामा भने अझै वास्तविक पहुँच सुनिश्चित हुन सकेको छैन । समानुपातिक प्रणालीमार्फत आएका प्रतिनिधिहरू पार्टी नेतृत्वप्रति बढी जवाफदेही हुने, उनीहरूको निर्णयात्मक भूमिका सीमित हुने गुनासो व्यापक छ । साथै, सीमान्तकृत समुदायका उम्मेदवारलाई प्रत्यक्ष निर्वाचनमा प्रतिस्पर्धा गर्न आर्थिक स्रोत, सङ्गठनात्मक पहुँच र राजनीतिक संरक्षणको अभाव देखिन्छ ।

निर्वाचनमा समावेशीताको अर्थ मतदान र उम्मेदवारसम्म मात्र सीमित छैन । समग्र निर्वाचन प्रक्रियामा समावेशी अवधारणाको कार्यान्वयन आवश्यक हुन्छ । अपाङ्गता भएका मतदाताका लागि मतदान केन्द्र पहुँचयोग्य हुनु, चुनावसँग सम्बन्धित जानकारी मातृभाषामा प्राप्त गर्न सक्नु, मतदानका नाममा आफ्नो सांस्कृतिक विश्वासमाथि अतिक्रमण नहुनु, दृष्टिबिहीन मतदाताका लागि मतपत्र वा प्रविधि उपलब्ध हुनुजस्ता केही यस्ता विषयलाई उदाहरणका रुपमा प्रस्तुत गर्न सकिन्छ, जहाँ समावेशी अवधरणाको कार्यान्वयन अपरिहार्य रहेको मान्न सकिन्छ ।

यस्तै विदेशमा रहेका नेपाली नागरिकले मतदान गर्न नपाउने जस्ता विषय पनि समावेशीताका दृष्टिले कमजोर पाटा हुन् । अन्य देशका अभ्यासबाट नेपालले केही महत्वपूर्ण सिकाइ ग्रहण गर्न सक्छ । पहिलो, समावेशी अवधारणा केवल कानुनी प्रावधानमा सीमित नराखी कार्यकारी र निर्णयात्मक तहमा प्रभावकारी सहभागिता सुनिश्चित गर्नु आवश्यक छ । दोस्रो, राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्र र समावेशी नेतृत्व विकास आवश्यक छ । तेस्रो, निर्वाचन खर्च नियन्त्रण र सीमान्तकृत उम्मेदवारका लागि राज्यको सहयोग बढाउनुपर्छ ।

प्रविधिको प्रयोगमार्फत अपाङ्गमैत्री मतदान प्रणाली, ब्रेलमा आधारित मतपत्र, विदेशमा रहेका नेपालीका लागि सुरक्षित मतदान व्यवस्था र युवा तथा पहिलोपटक मतदान गर्ने मतदाता लक्षित नागरिक शिक्षा कार्यक्रम विस्तार गर्न सकिन्छ । मतदाता शिक्षाका सन्दर्भमा मातृभाषाको प्रयोगलाई बढाउनु पनि आवश्यक हुन्छ । दलहरुले पनि आफ्नो सोच र कार्यशैलीमा परिवर्तन गर्नु आवश्यक छ । समावेशीका नाममा कागको झुण्डमा एउटा बकुल्ला उभ्याउने परिपाटीले सार्थक परिणाम प्राप्त हुनसक्दैन ।

सम्बद्ध पक्षका लागि गरिने निर्णय प्रक्रियामा सोही पक्षलाई सहभागी गराई जिम्मेवार बनाउने नीति अख्तियार गरिनु आवश्यक छ । यसविपरित विभिन्न गठबन्धन र सम्झौताका नाममा राष्ट्रियसभामा अल्पसंख्यक र अन्यको क्लष्टरबाट प्रायः हुनेखाने प्रभावशालीकै वर्चश्व देखिने गरेको छ । दलहरु यसमा सच्चिनु आवश्यक छ ।

अन्त्यमा माथि उल्लेख गरिएका विषय सम्बद्ध पक्षका लागि ध्यानाकर्षण मात्र हुन् । भविष्यमा यी विषयमा सम्बोधनको रणनीति तय गरिने विश्वास गर्नु अनुचित हुने छैन । आवश्यक परेका खण्डमा भावी दिनमा निर्वाचन आयोगले नै पनि स्वसक्रिय भएर संविधानको भावनाअनुसार समावेशी अवधारणालाई कार्यान्वयन गर्ने दिशामा आवश्यक नीति तय गर्न सक्नुपर्छ । (लेखक राससका कार्यकारी अध्यक्ष हुनुहुन्छ)

> सम्बद्ध पक्षका लागि गरिने निर्णय प्रक्रियामा सोही पक्षलाई सहभागी गराई जिम्मेवार बनाउने नीति अख्तियार गरिनु आवश्यक छ । यसविपरित विभिन्न गठबन्धन र सम्झौताका नाममा राष्ट्रियसभामा अल्पसंख्यक र अन्यको क्लष्टरबाट प्रायः हुनेखाने प्रभावशालीकै वर्चश्व देखिने गरेको छ । दलहरु यसमा सच्चिनु आवश्यक छ ।

# बालेन शाह : शैली कि प्रवृत्ति ?



सन्तोष धिताल



बालेन शाहको उदयले परम्परागत राजनीतिक शैलीमा परिवर्तन ल्याएको छ, तर उनको शैलीमा आएको परिवर्तनले प्रश्न खडा गरेको छ। जनतासँगको प्रत्यक्ष संवाद र एजेन्डा केन्द्रित नेतृत्व शैलीबाट मेयर बनेका बालेनको पछिल्लो समयमा राजनीतिक महत्वाकांक्षा बढेको देखिन्छ। बालेन शाहको शैली व्यक्तिकेन्द्रित र सामाजिक सञ्जालमा आधारित छ, जसले लोकतन्त्रका लागि अवसर र चुनौती दुवै सिर्जना गरेको छ।

नेपालको राजनीति विगत केही दशकदेखि परम्परागत दल र संरचनाबाट परे नयाँ तरंग खोजिरहेको छ । बालेन शाहको उदय अत्यन्तै उल्लेखनीय छ । उनी केवल एक पूर्वमेयर वा राजनीतिक पदका लागि दौडिएका नेता होइनन्, उनी युवा शक्ति, प्रशासनिक दक्षता र एजेन्डा केन्द्रित नेतृत्वको प्रतीक बनेका छन् ।

बालेन शाहको नेतृत्व शैली प्रारम्भिक चरणमा जनताको बिचमा पुग्ने, समस्या बुझ्ने र समाधान गर्ने दृष्टिकोणमा आधारित थियो । उनको चुनावी रणनीति पारम्परागत राजनीतिक शैलीभन्दा भिन्न थियो । उनले आफ्नो अभियानमा एजेन्डा केन्द्रित शैली अपनाए ।

सडक, ढल निकास, स्मार्ट सहर, सार्वजनिक यातायात सुधार र अन्य विकास कार्यक्रम जनतासामु प्रस्तुत गर्दै संवादमा जुटेका थिए । डिजिटल प्रविधि र सामाजिक सञ्जालको प्रयोगले उनलाई युवा वर्गसँग मात्र होइन, पाका नागरिकसँग पनि प्रत्यक्ष सम्पर्क कायम गर्न सहयोग गर्‍यो । यस शैलीले उनलाई केवल लोकप्रियता दिलाएको होइन, काठमाडौंका नागरिकहरूको विश्वास जित्न पनि महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

बालेनको प्रारम्भिक शैलीका मुख्य विशेषताहरू पारदर्शिता, नवप्रवर्तन र प्रत्यक्ष जनसहभागिता थिए । उनी जनतासँग प्रत्यक्ष संवाद गर्न र उनीहरूको समस्या बुझेर समाधान निकाल्न सधैं तत्पर देखिन्थे । यसले पारम्परिक नेपाली राजनीतिक नेतृत्वको शैलीभन्दा पूर्ण भिन्नता प्रस्तुत गर्‍यो । बालेन शाहले देखाएको यस जनता केन्द्रित शैलीले उनलाई मेयर पदमा जिताएको मात्र होइन, युवामाझ राजनीतिक आकांक्षाको प्रतीक पनि बनाएको छ ।

तर मेयर बनेपछि बालेनको शैलीमा स्पष्ट परिवर्तन देखियो । उनी अब केवल एजेन्डाकेन्द्रित नेता नभएर राजनीतिक व्यक्तित्वका रूपमा देखा परे । सार्वजनिक कार्यक्रम, निर्णय प्रक्रिया र राजनीतिक गतिविधिहरूमा उनले अब अधिक व्यापक रणनीति अपनाउन थालेका छन् । प्रारम्भिक चरणमा देखिएको नजिकको सम्बन्ध र प्रत्यक्ष संवाद केही कम भएको महसुस गर्न सकिन्छ । यस परिवर्तनले उनका प्रारम्भिक आदर्श र जनता केन्द्रित शैलीमाथि प्रश्न उठाउन थालेको छ ।

यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि राष्ट्रिय स्वतन्त्र पार्टीको वरिष्ठ नेता बन्दै भावी प्रधानमन्त्रीको एजेन्डा लिएर देश दौडाह गरे । प्रधानमन्त्री पदको आकांक्षासहित अघि बढिरहेका बालेनले जहाँ-जहाँ देश दौडाह गरे, उनलाई हेर्नकै लागि भए पनि मानिसहरूको भिड देखियो । तर त्यस अवधिमा उनको शैली प्रारम्भिक एजेन्डा केन्द्रित अभियानभन्दा फरक देखिन पुग्यो । जहाँ उनले पार्टीका उम्मेदवारहरूलाई भेटघाट गरे, तर जनतासँगको प्रत्यक्ष संवाद गर्ने आँट गर्न सकेनन् । केवल जनतासँग प्रत्यक्ष संवादमा नभएर व्यापक प्रचार, रणनीति र राजनीतिक समीकरणमा ध्यान दिए । यसले देखाउँछ कि बालेनको राजनीतिक आकांक्षा र व्यक्तिगत महत्त्वाकांक्षा बाधक बनिरहेका छन् ।

समलोचनात्मक दृष्टिले हेर्दा पछिल्लो समय उनी एउटा प्रवृत्तिको प्रतिनिधि पात्र बन्न पुगेका छन् । परम्परागत राजनीतिक संस्कार, भाषाशैली र शक्ति प्रयोगको ढाँचालाई अस्वीकार गर्दै उदाएका बालेनले 'नेतृत्व' को अर्थलाई पुनर्परिभाषित गरेका छन् । उनीसँग जोडिएको शैली आक्रामक, प्रत्यक्ष, भावनात्मक, कहिलेकाहीँ असहज तर प्रभावकारी शैली आज 'बालेन शैली' का रूपमा चिनिन थालेको छ । तर प्रश्न उठेको छ, यो शैली व्यक्तिगत स्वभावको उपज हो कि सामाजिक राजनीतिक प्रवृत्तिको ? यो प्रवृत्ति लोकतन्त्रका लागि दीर्घकालीन रूपमा उपयोगी छ कि जोखिमपूर्ण भन्ने महत्त्वपूर्ण प्रश्न उठेको छ ।

बालेन शाहको उदय कुनै आकस्मिक घटना होइन । यो नेपालको सहरी मध्यवर्गीय निराशा, दलगत राजनीतिप्रतिको वितृष्णा र काम गरेर देखाउने नेतृत्वप्रतिको चाहनाको परिणामको उपज होभन्दा फरक नपर्ला । वर्षौंदेखि राजनीतिक दलहरूले दोहोर्‍याउँदै आएको भाषण, प्रतिबद्धता र असफल कार्यान्वयनले जनतामा गहिरो अविश्वास जन्माएको थियो । यही शून्यतामा बालेन शाहजस्ता पात्र प्रवेश गरे, जो न दलको झण्डा बोकेर आए, न परम्परागत राजनीतिक संस्कारको भार बोकेर ।

उनको शैलीको पहिलो र सबैभन्दा स्पष्ट विशेषता प्रत्यक्षता हो । बालेन शाह घुमाउरो भाषा प्रयोग गर्दैनन् । सामाजिक सञ्जालमा लेखिएका उनका स्टाटसहरू छोटा, तीखा र आदेशात्मक हुन्छन् । 'भत्काइन्छ', 'कारबाही हुन्छ', ' अब सह्य छैन'जस्ता शब्दहरूले उनको भाषालाई परिभाषित गर्छ । यो शैली समर्थकका लागि साहसिक र इमानदार लाग्छ भने आलोचकका लागि भने अधिनायकवादी र असंवेदनशील लाग्छ । तर यथार्थ के हो भने यही प्रत्यक्षताले उनलाई जनतासँग तत्काल जोड्न सफल बनाएको छ ।

बालेन शाह शैलीको दोस्रो महत्त्वपूर्ण प्रवृत्ति हो, संस्थाभन्दा व्यक्तिकेन्द्रित नेतृत्व । परम्परागत रूपमा स्थानीय सरकारहरू संस्थागत प्रक्रिया, समिति र निर्णय प्रणालीमा आधारित हुन्छन् । तर बालेनको कार्यशैलीमा 'मेयर स्वयं' केन्द्रमा देखिन्छन् । निर्णयहरू छिटो हुन्छन्, निर्देशनहरू सीधै आउँछन् र कार्यान्वयन पनि तुरुन्त सुरु हुन्छ । सडक अतिक्रमण हटाउनेदेखि नक्सा पाससम्मका विषयमा उनको व्यक्तिगत हस्तक्षेप स्पष्ट देखिन्छ । यसले कार्यक्षमता बढाएजस्तो देखिए पनि संस्थागत सन्तुलन र दीर्घकालीन प्रणाली निर्माणको दृष्टिले प्रश्न उठाउँछ ।

तर यही विद्रोही शैली कहिलेकाहीँ समस्याग्रस्त पनि बन्छ । आलोचनालाई सहजै अस्वीकार गर्ने, असहमतिलाई 'विकास विरोधी' को संज्ञा दिने प्रवृत्ति लोकतान्त्रिक अभ्यासका लागि चुनौतीपूर्ण हुन्छ । उदाहरणका लागि, सडक व्यापारी, सुकुम्बासी वा सांस्कृतिक सम्पदासँग जोडिएका मुद्दामा संवादभन्दा आदेश बढी देखिएको आरोप लाग्दै आएको छ । बालेन शाह शैलीमा संवादको स्थान सीमित देखिन्छ, जुन दीर्घकालीन सामाजिक सहमतिका लागि कमजोर पक्ष हो ।

बालेन शाहको नेतृत्वलाई बुझ्न सामाजिक सञ्जालको भूमिकालाई बेवास्ता गर्न सकिँदैन । उनी सामाजिक सञ्जाललाई केवल सूचना प्रवाहको माध्यम होइन, राजनीतिक हतियारका रूपमा प्रयोग गर्छन् । फेसबुक स्टाटस, प्रत्यक्ष प्रसारण र छोटा भिडियोमार्फत उनले आफ्ना निर्णयहरू सार्वजनिक गर्छन् र समर्थन निर्माण गर्छन् । यसले पारदर्शिता बढाएको त छ, तर भिडको न्यायलाई पनि प्रोत्साहन गरेको छ । जटिल नीतिगत विषयहरू भावनात्मक प्रतिक्रियामा सीमित हुने खतरा यही छ ।

बालेन शाह प्रवृत्तिको उदयले नेपालको राजनीतिक संस्कृतिमा एउटा महत्त्वपूर्ण प्रश्न खडा गरेको छ । के हामी अब दलभन्दा व्यक्ति खोजिरहेका छौं ? यो प्रवृत्ति केवल काठमाडौंमा सीमित छैन, निर्वाचनका लागि अहिले देशभर स्वतन्त्र उम्मेदवारप्रतिको आकर्षण बढ्दो छ । यसको अर्थ जनता प्रणालीभन्दा पनि सशक्त पात्रमा विश्वास गर्न थालेका छन् । यसले लोकतन्त्रका लागि दोधारे संकेत गरेको छ । एकातिर पुराना दलहरूका लागि चेतावनी र अर्कोतिर व्यक्तिवादी शासनको सम्भावित खतरालाई उजागर गरेको छ ।

दीर्घकालीन रूपमा हेर्दा, प्रश्न शैलीको होइन, संस्थागत रूपान्तरणको हो । बालेन शैलीले सुरु गरेको ऊर्जा यदि संस्थागत सुधार, स्पष्ट नीति र सहभागितामूलक प्रक्रियामा रूपान्तरण हुन सकेन भने यो प्रवृत्ति क्षणिक लोकप्रियतामा सीमित हुन सक्छ ।

अन्ततः बालेन शाह शैली कि प्रवृत्ति भन्ने बहस वास्तवमा नेपालको राजनीतिक संक्रमणको उपज हो । यो आक्रोश, आशा, विद्रोह र खोजको मिश्रण हो । बालेन शाह स्वयं यस कथाका नायक हुन् वा केवल एउटा चरणका, यो इतिहासले तय गर्नेछ । तर उनले उठाएको प्रश्न - राजनीति कस्तो हुनुपर्छ ? - यसको उत्तर खोज्ने जिम्मेवारी अब समाज, दल र नागरिक सबैको हो ।

प्रारम्भिक चरणमा लोकप्रियता हासिल गर्नु सजिलो छ, तर त्यसलाई दीर्घकालीन रूपमा कायम राख्न कठिनाइ हुन्छ । बालेन शाहको वर्तमान प्रवृत्ति यही चुनौतीको प्रत्यक्ष उदाहरण हो । यदि उनले आफ्नो प्रारम्भिक एजेन्डा, पारदर्शिता र जनसहभागिता कायम राख्न सके भने उनी दीर्घकालीन नेतृत्व र युवा प्रेरणाको प्रतीक बन्न सक्छन् । तर सकेनन् भने राजनीतिमा बालेन शैलीभन्दा पनि एक प्रवृत्तिको रूपमा मात्र रहनेछ ।रातोपाटी

# रक्षा मन्त्रालय मातहतका विकास आयोजना तथा कार्यक्रमको प्रगति समीक्षा



काठमाण्डु । रक्षा मन्त्रालयअन्तर्गतका निकायबाट चालु आर्थिक वर्ष २०८२/८३ मा सञ्चालित विभिन्न विकास आयोजना तथा कार्यक्रमको दोस्रो त्रैमासिक अवधिसम्मको प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक आज सम्पन्न भएको छ।

मन्त्रालयका सचिव केदारनाथ शर्माको अध्यक्षतामा भएको बैठकमा रक्षा मन्त्रालय र अन्तर्गत निकायबाट चालु आवको दोस्रो त्रैमासिक अवधिसम्म सञ्चालन भइरहेका कार्यक्रम तथा विकास आयोजनाको हालसम्मको प्रगति स्थितिबारे अद्यावधिक जानकारी प्रस्तुत गरिएको थियो।

चालु आवको पुस मसान्तसम्म रक्षामन्त्रालय र मातहत निकायमा विनियोजित कुल बजेटको ४५ दशमलव ८२ प्रतिशत खर्च भएको छ। यसैगरी चालु आवमा फछ्र्यौट गर्नुपर्ने कुल रु तीन अर्ब ६५ लाख बेरुजुमध्ये छ प्रतिशत प्रगति मात्र हासिल भएको छ। बैठकमा आयोजना कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरूबारे पनि छलफल भएको छ ।यस अवधिमा सञ्चालित कुल आठ वटा ठूला विकास निर्माण आयोजनामध्ये नेपाली सेनालाई जिम्मेवारी प्राप्त खाँदबारी-किमाथाङ्का सडक करिडोर, कर्णाली करिडोर, बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय र बङ्कर टु ब्यारेक कार्यक्रम गरी पाँच वटाको प्रगति ८० प्रतिशतभन्दा माथि रहेको जानकारी दिइयो।

काठमाडौँ-तराई-मधेस द्रुतमार्ग सडक आयोजना, दार्चुला टिङ्कर (तुषारपानी-टिङ्कर) सडक आयोजना र राष्ट्रिय चुरे संरक्षण कार्यक्रम गरी तीन आयोजनामा विभिन्न कारणहरूले ८० प्रतिशतभन्दा कम प्रगति हासिल भएको मन्त्रालयले जनाएको छ ।समीक्षा अवधिमा काठमाडौँ-तराई-मधेश द्रुतमार्ग सडक आयोजनाअन्तर्गत सुरुबिन्दु खोकना खण्डलगायत समस्याग्रस्त क्षेत्रको समस्या समाधानका लागि विभिन्न उच्चस्तरीय अनुगमन/निरीक्षण भई समस्या समाधानका लागि विभिन्न प्रयासहरू गरिएको जानकारी दिइयो।

यसैगरी चालु आवको पुस मसान्तसम्म सुत्केरी २० जनासहित ३५ जनाको हवाई उद्धार गरिएको, देशका विभिन्न भागमा भएका आगलागी तथा डढेलो नियन्त्रणका लागि एक हजार ३८९ जना फौज खटिएको तथा विभिन्न जिल्लामा विविध घटनामा परेका दुई हजार ७२७ जनालाई उद्धार गरिएको जानकारी दिइयो।

यसैगरी मुलुकका विभिन्न २५ जिल्लाका २९ स्थानमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरी १३ हजार ८८७ जनालाई स्वास्थ्योपचार सेवा उपलब्ध गराइनुका साथै तीन सय ५२ जनालाई सर्पदंश उपचार सेवा प्रदान गरिएको व्यहोरा प्रस्तुत गरिएको थियो। सेनाबाट प्रकृति संरक्षण र अन्तरराष्ट्रिय शान्ति स्थापना सम्बन्धमा भए गरेका कार्यहरूबारे पनि बैठकमा जानकारी दिइयो।

मन्त्रालयका सचिव शर्माले चालु आवमा सञ्चालित विकास कार्यक्रम तथा आयोजनाको आगामी दिनमा थप प्रगति हासिल गर्नेगरी कार्यसम्पादन गर्न सम्बन्धित आयोजना प्रमुखलाई निर्देशन दिनुभयो ।खासगरी राष्ट्रिय गौरवको काठमाडौँ-तराई-मधेस द्रुतमार्ग सडक आयोजनाको प्रगतिको गति बढाउन र पुँजीगत खर्चमा उल्लेख्य सुधार हुनेगरी कार्य गर्न उहाँले जोड दिनुभयो ।सचिव शर्माले सबै आयोजना प्रमुखलाई चालु आवको बाँकी अवधिमा निर्धारित लक्ष्यबमोजिमका प्रगति र 'माइलस्टोन' हासिल गर्नेगरी तथा बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकतामा राखी कार्य गर्न निर्देशन दिनुभयो।

बैठकमा मन्त्रालयका योजना तथा अन्तरराष्ट्रिय सहयोग समन्वय महाशाखा प्रमुख सहसचिव कृष्ण पौडेलले मन्त्रालय र नेपाली सेनाअन्तर्गत चालु आवमा सञ्चालित विकास आयोजना तथा कार्यक्रमको हालसम्मको प्रगति स्थिति तथा आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्या तथा चुनौतीबारे प्रस्तुतीकरण राख्नुभयो ।रासस

# प्रधानमन्त्री कार्कीद्वारा सोलुखुम्बुलगायत क्षेत्रमा निर्वाचन तयारीबारे जानकारी

काठमाण्डु । प्रधानमन्त्री सुशीला कार्कीले विहीबार सोलुखुम्बुलगायत जिल्लाको भ्रमण गरी निर्वाचन तयारी र वस्तुस्थितिबारे जानकारी लिनुभएको छ। प्रधानमन्त्री कार्कीले सोलुखुम्बुको नाम्चे र सल्लेरीमा स्थानीय बासिन्दा तथा सरकारी निकायका अधिकार ीसँग छलफल गर्नुभएको उहाँको सचिवालयले जनाएको छ।



सल्लेरीमा मुख्य निर्वाचन अधिकृत चन्द्रकुमार पोखरेल, प्रमुख जिल्ला अधिकारी लीलाकुमारी केसी पाण्डे, प्रमुख सेनानी विजय प्रकाश आङ्देम्बे, प्रहरी नायब उपरीक्षक मनोजित कुँवर, सशस्त्र प्रहरी नायब उपरीक्षक सुरज पाण्डेय, स्थानीय जनप्रतिनिधि लगायतको उपस्थितिमा छलफल भएको थियो। सल्लेरीस्थित जिल्ला समन्वय समितिको कार्यालयमा आयोजित कार्यक्रममा मुख्य निर्वाचन अधिकृत पोखरेल र प्रमुख जिल्ला अधिकारी केसीले निर्वाचन तयारीबारे जानकारी गराउनुभएको थियो।

प्रमुख जिल्ला अधिकारी केसीले शान्ति सुरक्षाका दृष्टिले कुनै समस्या नरहेको, यहाँको जनजीवन शान्त रहेको र हालसम्म मौसमी प्रतिकूलतासमेत नदेखिएको जानकारी गराउनुभएको थियो। विगत केही वर्षयताको मौसमी विवरण हेर्दा फागुनमा हिमपातका घटना कमै भएको उल्लेख गर्दै उहाँले हिमपात भइहाले उच्च हिमाली क्षेत्रका केही स्थानमा वैकल्पिक व्यवस्था गर्नुपर्ने हुनसक्ने बताउनुभयो।

प्रधानमन्त्री कार्कीले हालसम्मको प्रगतिप्रति खुसी व्यक्त गर्दै आगामी निर्वाचन शान्तिपूर्ण र विश्वसनीय वातावरणमा सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो। "यो निर्वाचन सामान्य अवस्था र नियमित प्रकृतिको होइन। हामी विशेष अवस्थामा चुनाव गर्दैछौँ। त्यसैले यसलाई विशेष तयारीका साथ सम्पन्न गर्नुपर्छ। सकेसम्म धेरै मतदाता सहभागी गराउन हाम्रो प्रयास रहनुपर्छ", उहाँले भन्नुभयो,"स्वतन्त्र र विश्वसनीय वातावरणमा धेरैभन्दा धेरै मतदाताले आफ्नो मताधिकार प्रयोग गर्न पाउनुपर्छ। त्यसका लागि हामीले सकेको सबै प्रयत्न गर्छौं, गर्नुपर्छ। फागुन २१ गते एकैदिनमा देशभर एकसाथ निर्वाचन हुन्छ।"

प्रधानमन्त्री कार्की नेतृत्वको टोलीले भोजपुरमा पनि निर्वाचन तयारीबारे जानकारी लिएको छ। भोजपुरमा मुख्य निर्वाचन अधिकृत एवं जिल्ला न्यायाधीश नारायणप्रसाद दाहाल र जिल्लास्थित सुरक्षा प्रमुखहरुसँग अन्तर्क्रिया गरिएको थियो। भोजपुरमा पनि सुरक्षासँग सम्बन्धित चुनौती खासै नरहेको जिल्ला सुरक्षा प्रमुखहरूले जानकारी दिनुभयो ।प्रधानमन्त्री कार्कीसँगै उहाँका प्रेस सल्लाहकार रामबहादुर रावल, प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठलगायतको टोली भ्रमण टोलीमा रहेको छ ।रासस

## चुनावी सुरक्षा अवस्थाबारे प्रधानमन्त्रीलाई जानकारी गराइयो



टक्सार। प्रधानमन्त्री सुशीला कार्कीलाई भोजपुरको अवस्थाबारे सुरक्षा निकायले जानकारी गराएका छन्।

प्रमुख जिल्ला अधिकारी राजन पौडेलसहितको सुरक्षा टोलीले आसन्न फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको तयारी र अवस्थाबारे प्रधानमन्त्री कार्कीलाई जानकारी गराएको हो। उच्च हिमाली क्षेत्रको अवस्था बुझ्ने क्रममा यहाँ पुगुभएका प्रधानमन्त्री कार्कीलाई निर्वाचनका लागि भइरहेको तयारी र अवस्थाबारे अवगत गराइएको प्रमुख जिल्ला अधिकारी पौडेलले बताउनुभयो। प्रधानमन्त्री कार्कीले शुक्रबारसम्म पूर्वी क्षेत्रका हिमाली जिल्लाको अवस्था बुझ्ने कार्यक्रम रहेको छ। सोलुखुम्बूमा सञ्चारकर्मीसँग कुरा गर्दै प्रधानमन्त्री कार्कीले तोकिएको मितिमा नै एकैचरणमा निर्वाचन हुने बताउनुभयो।

प्रधानमन्त्री कार्कीसँग प्रमुख जिल्ला अधिकारी पौडेल, जिल्ला न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत नारायणप्रसाद दाहाल, चार वटै सुरक्षा निकायका प्रमुख, जिल्ला निर्वाचन अधिकारीलगायत टोलीले निर्वाचन र सुरक्षाका विषयमा छलफल गरेको थियो ।रासस

## 'अफ्रिकन स्वाइनफिभर'को जोखिम बढेपछि उच्च सतर्कता अपनाउन आग्रह

काठमाण्डु। कृषि तथा पशुपक्षी विकास मन्त्रालयले हाल सुङ्गुर/बङ्गुरमा अफ्रिकन स्वाइनफिभरको जोखिम रहेकाले सम्बन्धित किसानलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ।

अहिलसम्म रोगविरुद्धको कुनै खोप उपलब्ध नभएकाले सुङ्गुर/बङ्गुपालन फार्ममा जैविक सुरक्षा अपनाउन तथा अस्वाभाविक रूपमा सुङ्गर, बङ्गुर मरेमा तत्काल सङ्घ, प्रदेश र स्थानीय तहमा रहेका पशु सेवा केन्द्र वा सम्बन्धित निकायलाई खबर गर्न मन्त्रालयले आग्रह गरेको हो ।घरपालुवा सङ्गुर, बङ्गुर तथा जङ्गली बँदेल प्रजातिमा विषाणुका कारण अफ्रिकन स्वाइनफिभर लाग्ने भएकाले ती पशुमा उच्च ज्वरो (१०४ देखि १०७ डिग्री) आउने, कान पुच्छर, पेटको तल्लो भागको बाहिरी छाला रातो हुनेलगायत लक्षण देखिन्छ।

पशुको शरीरमा निलो धब्बा देखिने, खाना नखाने, बान्ता गर्ने, छट्पटाउने गर्दछन्। यसबाट पशुको मृत्युदर उच्च हुने भए पनि पशुबाट मानिसमा भने नसर्ने मन्त्रालय अन्तर्गत कृषि, सूचना तथा प्रशिक्षण केन्द्रका डा सञ्जीव पण्डितले बताउनुभयो।

उहाँका अनुसार केन्द्रले सङ्क्रमण फैलिन नदिन किसानलाई आवश्यक सतर्कता अपनाउन सन्देशमूलक सूचना प्रवाह गरेको छ। यस्ता लक्षण भएका सुङ्गर, बङ्गुर तथा त्यसका पाठापाठी वा अन्य पशुको सम्पर्कमा आएमा मासुजन्य वस्तु एक स्थानबाट अर्को स्थानमा ओसारपसार गर्ने क्रममा सजिलै सङ्क्रमण फैलिने जोखिम भएकाले उच्च सर्तकता अपनाउन उहाँले सबैलाई आग्रह गर्नुभयो।

तीन वर्षअघि नेपालमा पहिलो पटक अफ्रिकन स्वाइनफिभरको सङ्क्रमण फेला परेको केन्द्रले जनाएको छ। काठमाडौँ उपत्यका तथा आसपासका क्षेत्रमा दश हजार भन्दाबढी सुङ्गुर तथा बङ्गुरमा सङ्क्रमण फैलिएको जनाइएको छ ।रासस

# वितृष्णालाई आशामा बदल्न राजनीतिक दलमा आत्मसुधार आवश्यक: उपसभापति शर्मा

भैरहवा। नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले मुलुकको राजनीतिक अवस्थालाई सुधार गर्दै लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणका लागि कांग्रेसले नेतृत्वदायी भूमिका खेल्ने बताउनुभएको छ।



विहीबार भैरहवामा आयोजित पार्टी सदस्य भेटघाट कार्यक्रममा उहाँले राजनीतिप्रतिको बढ्दो वितृष्णालाई आशामा बदल्न राजनीतिक दलहरू आत्मसुधारमा लाग्नुपर्ने र त्यसको सुरुआत कांग्रेसले गरिसकेको बताउनुभयो।

उपसभापति शर्माले विगतका राजनीतिक परिवर्तनमा कांग्रेसको भूमिका स्मरण गर्दै अब सुशासन र विकासको नेतृत्व गर्ने जिम्मेवारी पनि कांग्रेसकै काँधमा रहेको बताउनुभयो। "तरल राजनीतिक परिस्थितिमा संयमित भएर जनताका मुद्दालाई प्राथमिकतामा राख्नुपर्छ। सत्ता केन्द्रित सोचभन्दा माथि उठेर नागरिकको जीवनस्तर सुधारतर्फ ध्यान दिन जरुरी छ। यसका लागि कांग्रेसले सङ्कल्प गरिसकेको छ", उहाँले भन्नुभयो।

पार्टीभित्रको एकता र संगठन सुदृढीकरणमा जोड दिँदै उपसभापति शर्माले गुटबन्दी त्यागेर टोलस्तरसम्म पुगेर जनताको गुनासा सुन्न र समाधानको प्रतिज्ञा गर्न आग्रह गर्नुभयो। उहाँले मुलुकको आर्थिक सङ्कट र युवा पुस्तामा देखिएको नैराश्यताप्रति चिन्ता व्यक्त गर्दै नीतिगत सुधारको आवश्यकता औँल्याउनुभयो। सत्ता समीकरणका खेलहरूभन्दा माथि उठेर जनताको जीविकोपार्जनमा सुधार ल्याउने गरी सरकारले काम गर्नुपर्ने र त्यसमा कांग्रेसले स्पष्ट दृष्टिकोण अगाडि सारेर काम गर्ने प्रतिबद्धता जनाउनुभयो।

नेता बालकृष्ण खाणले संविधान र लोकतान्त्रिक मूल्य-मान्यतामाथि चुनौती देखिएको उल्लेख गर्दै यसको रक्षाका लागि कांग्रेस बलियो हुनुपर्ने बताउनुभयो। "संविधान र प्रजातन्त्रको रक्षा गर्ने ऐतिहासिक जिम्मेवारी कांग्रेसको हो। विगतमा देशको हितमा गरेका कामको निरन्तरता र नयाँ सुधारका काम अगाडि सार्दै पार्टीले देशको नेतृत्व गर्नेछ", उहाँले भन्नुभयो।

कार्यक्रममा रुपन्देही क्षेत्र नं १ का प्रतिनिभिसभा सदस्य उम्मेदवार हीराबहादुर खत्री, क्षेत्र नं २ का चुन्नप्रसाद पाण्डे, क्षेत्र नं ३ का सुशील गुरुङ, क्षेत्र नं ४ का आशुतोष मिश्र, क्षेत्र नं ५ का भरतकुमार शाहलगायत वक्ताहरूले सङ्गठन सुदृढीकरण, सुशासन र लोकतान्त्रिक मूल्यको संरक्षणलाई प्राथमिकतामा राख्दै अघि बढ्नुपर्नेमा जोड दिनुभएको थियो ।रासस

# प्रतिनिधिसभा निर्वाचनः एक करोड ५७ लाख ७८ हजार मतपत्र छपाइ

काठमाण्डु। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ५८ जिल्लाका १२४ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न भएको निर्वाचन आयोगले जनाएको छ। विहीबारसम्म एक करोड ५७ लाख ७८ हजार मतपत्र छपाइ भएको आयोगका सहायक प्रवक्ता प्रकाश न्यौपानेले राससलाई जानकारी दिनुभयो।



हालसम्म डोल्पा, मुगु, जुम्ला, कालिकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्ता पश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुम पूर्व, दाङ, बाँके, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पाल्पा, अर्घाखाँची, प्यूठान, रुपन्देही, रोल्पा, मनाङ, रामेछाप, सिन्धुली, रसुवा र सिन्धुपाल्चोक गरी ५८ जिल्लाको मतपत्र छपाइ सम्पन्न भएको हो। बुधबारसम्म ५३ जिल्लाको मतपत्र छपाइ सकिएको थियो।

विहीबार थप पाँच जिल्लाको मतपत्र छपाइ सकिएको आयोगले जनाएको छ। यी जिल्लाको मतपत्र प्याकिङ पनि भइसकेको उहाँले बताउनुभयो। हालसम्म १४ हजार ३४१ बाकस मतपत्र प्याकिङ भइसकेको छ। हाल दिनमा करिब एक हजार बाकस मतपत्र प्याकिङ र १३ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ।

प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो ।रासस

# भारत सरकारद्वारा नेपाललाई सहयोग स्वरुप सवारीसाधान हस्तान्तरण

काठमाण्डु। भारत सरकारले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सहयोग स्वरुप तेस्रो चरणमा २२३ वटा सवारी साधान हस्तान्तरण गरेको छ।




गृह मन्त्रालयमा विहीबार आयोजित कार्यक्रममा गृहमन्त्री ओमप्रकाश अर्यालला‌ई नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले प्रतिकात्मकरुपमा ती सवारी साधन हस्तान्तण गर्नुभयो।

यसअघि भारतले पहिलो चरणमा ६१ वटा र दोस्रो चरणमा २५४ वटा सवारी साधान सहयोग स्वरुप उपलब्ध गराइसकेको गृहमन्त्रालयका सहसचिव एवंम प्रवक्ता आनन्द काफ्ले जानकारी दिनुभयो। भारत सरकारले नेपाली सेनाका लागि पनि थप ५० वटा सवारीसाधान उपलब्ध गराएको छ। उक्त सवारी साधान राजदूत श्रीवास्तवले प्रधानसेनापति अशोकराज सिग्देललला‌ई हस्तान्तरण गर्नुभयो। रासस

# आचारसंहिता उल्लङ्घनका १६ उजुरी

दमौली। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी यहाँ चुनावी गतिविधि सञ्चालन भइरहेका छन्। जिल्लामा हालसम्म निर्वाचन आचारसंहिता उल्लङ्घनसम्बन्धी १६ वटा उजुरी परेका हुन्। प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले आचारसंहिता उल्लङ्घनका १६ वटा उजुरी परेका बताउँदै त्यसमा सम्बन्धित पक्षसँग मौखिक स्पष्टिकरण लिई आचारसंहिताको कार्यान्वयनका लागि सचेत गराइएको जानकारी दिनुभयो।

तनहुँ क्षेत्र नं २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार श्रीराम न्यौपानेद्वारा केही सामुदायिक विद्यालयमा वितरण गरिएको डिजिटल स्मार्ट बोर्डमा तस्बिर/सङ्केत भएका बारेमा उजुरी परेपछि उक्त बोर्डबाट न्यौपानेको फोटो हटाउन लगाइएको प्रजिअ तिवारीले बताउनुभयो। उहाँका अनुसार सोबाहेक राजनीतिक दलले भीड प्रदर्शनी गरेको, झण्डा धेरै प्रयोग गरेको, सरकारी कर्मचारी पनि निर्वाचनको प्रचारमा हिडेकोलगायत विषयमा उजुरी परेका छन्।

उजुरीका बारेमा सम्बन्धित पक्षलाई सचेत गराई आचारसंहिता पालना गर्न अनुरोध गरिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख विकास लम्सालले उल्लेख गर्नुभयो। निर्वाचन भयरहित वातावरणमा सम्पन्न गर्न/गराउन सबैको सहकार्य र समन्वय आवश्यक पर्नेमा उहाँले जोड दिनुभयो ।आचारसंहिता उल्लङ्घन अनुगमनका लागि सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीलाई जिम्मेवारी तोकिएको छ। निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन सबै पक्षको आवश्यक पर्ने भएकाले आचारसंहिता पालना गर्न अनुरोध गरिएको रेग्मीले बताउनुभयो।

प्रचारप्रसारका क्रममा कानुन र निर्वाचन आचारसंहिताको पालना अनिवार्य गर्नुपर्ने उल्लेख गर्दै रेग्मीले सबै राजनीतिक दल, उम्मेदवार, समर्थक तथा सरोकार भएका पक्षलाई मर्यादित व्यवहार गर्न आग्रह गर्नुभयो ।निर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सुरक्षाका सबै संयन्त्र परिचालन गरिएको छ भने निर्वाचन अधिकृतको कार्यालयसँग समन्वय गरी नियमित अनुगमन भइरहेको छ। कुनै पनि किसिमका आचारसंहिता उल्लङ्घन, अवाञ्छित गतिविधि वा गुनासो देखिए तत्काल जानकारी गराउन उहाँले आग्रह गर्नुभयो।

तनहुँ क्षेत्र नं १ मा १६ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा हुनुहुन्छ। यो क्षेत्रमा नेपाली कांग्रेसबाट गोविन्द भट्टराई, नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट भगवती न्यौपाने, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)बाट विद्यानाथ ढकाल, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट डा स्वर्णिम वाग्ले, नेकपा (माओवादी)बाट ओमविक्रम पन्त, श्रम संस्कृति पार्टीबाट काशीराम गुरुङ, आमजनता पार्टीबाट चिजामाया अधिकारी, स्वतन्त्र उम्मेदवार दीपकराज जोशी, मङ्गोल अर्गनाइजेसन पार्टीबाट प्रेमबहादुर थापा, उज्यालो नेपाल पार्टीबाट मञ्जिल राना, नेपाल जनमुक्ति पार्टीबाट यामबहादुर आले, नेपाल मजदुर किसान पार्टीबाट रामलक्ष्मी दुवाल, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट रामदत्त जोशी, स्वतन्त्र उम्मेदवार लेखनाथ खनाल, स्वतन्त्र उम्मेदवार सन्देश रानाभाट लौडारी, नेशनल रिपब्लिक नेपालबाट सुमन थापा मगर प्रतिस्पर्धामा हुनुहुन्छ। रासस


# जेन-जी विद्रोहपछि बङ्गलादेशमा पहिलो मतदान

**एपी**

ढाका ।सन् २०२४ को जेन-जी नेतृत्वको विद्रोहले शेख हसिनाको सरकार अपदस्थ गरेपछि बङ्गलादेशले पहिलो पटक संसदीय निर्वाचनमा मतदान गरेको छ । वर्षौंको राजनीतिक अस्थिरतापछि भएको यो चुनावलाई देशको लोकतन्त्रको महत्त्वपूर्ण परीक्षाका रूपमा हेरिएको छ ।बिहीबार बिहान ढिलो सुरु भएको मतदान मध्याह्नसम्म राजधानी ढाका र अन्य सहरका केन्द्रहरूमा उत्साहजनक सहभागितासहित अघि बढेको थियो । मतदान बिहीबारभर जारी रहनेछ भने नतिजा शुक्रबार सार्वजनिक हुने अपेक्षा गरिएको छ।

पूर्वप्रधानमन्त्री हसिना देशबाट बाहिरिएपछि र उहाँको अवामी लिग पार्टीमाथि प्रतिबन्ध लगाएपछि पहिलो पटक भएको यस निर्वाचनमा करिब १२ करोड ७० लाख मतदाता सहभागी हुन योग्य रहेका छन् । हसिना हाल भारतमा निर्वासनमा बस्दै आउनुभएको छ ।बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का तारिक रहमान आगामी सरकार गठनका प्रमुख दावेदारका रूपमा देखिनुभएको छ । उहाँ पूर्वप्रधानमन्त्री खालिदा जियाका पुत्र हुनुहुन्छ र १७ वर्ष लन्डनमा स्व-निर्वासनपछि गत डिसेम्बरमा स्वदेश फर्कनुभएको थियो । उहाँले लोकतान्त्रिक संस्थाहरूको पुनर्निर्माण, विधिको शासन सुदृढीकरण र सङ्घर्षरत अर्थतन्त्र पुनर्जीवित गर्ने प्रतिबद्धता जनाउनुभएको छ।

उहाँलाई चुनौती दिने शक्तिका रूपमा जमात-ए-इस्लामीको नेतृत्वमा ११ दलीय गठबन्धन अघि आएको छ । हसिनाको शासनकालमा प्रतिबन्धित उक्त इस्लामवादी दलले पछिल्लो समय प्रभाव बढाएको छ । यसले विशेषगरी महिला र धार्मिक अल्पसङ्ख्यक समुदायमा चिन्ता बढाएको छ । बङ्गलादेशमा करिब ९० प्रतिशत मुस्लिम र झण्डै आठ प्रतिशत हिन्दू समुदाय बसोबास गर्छन् । जमातका प्रमुख शफिकुर रहमानले मतदानपछि 'यो निर्णायक मोड हो' भन्दै जनताले परिवर्तन चाहेको बताउनुभएको छ।



नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले निष्पक्ष र पारदर्शी मतदान गराउने प्रतिबद्धता जनाएको छ । करिब ५०० अन्तर्राष्ट्रिय पर्यवेक्षक र विदेशी पत्रकार उपस्थित रहेको जनाइएको छ, जसमा युरोपेली सङ्घ (इयु) र राष्ट्रमण्डलका प्रतिनिधिहरू पनि समावेश छन् ।

तीन सय ५० सदस्यीय संसद्मा ३०० सदस्य प्रत्यक्ष निर्वाचित हुनेछन् भने ५० सिट महिलाका लागि आरक्षित छन् । सांसदहरू बहुलताका आधारमा चयन हुनेछन् र संसद्को कार्यकाल पाँच वर्षको हुनेछ । एक उम्मेदवारको निधनपछि एउटा निर्वाचन क्षेत्रमा मतदान स्थगित गरिएको निर्वाचन आयोगले जनाएको छ ।अघिल्ला वर्षहरूमा भएको हिंसा, अल्पसङ्ख्यक र प्रेसमाथिका आक्रमण तथा विधिको शासन कमजोर बनेको अवस्थापछि यो चुनाव हुँदैछ । सन् १९७१ मा पाकिस्तानबाट स्वतन्त्रता पाएपछि बङ्गलादेशको राजनीति दलगत द्वन्द्व, सैन्य कू र मत हेरफेरका आरोपले प्रभावित हुँदै आएको छ । करिब ५० लाख पहिलो पटकका मतदाता यसपटक निर्णायक बन्न सक्ने अपेक्षा गरिएको छ।

२८ वर्षीय मतदाता इकराम उल हकले यो पहिलो पटक स्वतन्त्र रूपमा आफ्नो मत व्यक्त गर्न पाएको अनुभव रहेको बताउनुभयो । "हामी चुनावलाई पर्वका रूपमा मनाइरहेका छौँ", उहाँले भन्नुभयो, "मलाई बङ्गलादेशमा ठूलो परिवर्तनको आशा छ ।"निर्वाचनसँगै राष्ट्रिय चार्टरअन्तर्गत प्रस्तावित संवैधानिक सुधारबारे जनमतसङ्ग्रह पनि गरिएको छ । बहुमतले समर्थन गरेमा नयाँ संसद्ले १८० कार्यदिनभित्र संवैधानिक सुधार परिषद् गठन गर्नेछ । प्रस्तावमा द्विसदनीय व्यवस्थापिका स्थापना र माथिल्लो सदनलाई संविधान संशोधनको अधिकार दिने व्यवस्था समावेश छ।

बिएनपी र जमात-ए-इस्लामीले केही संशोधनपछि दस्तावेजमा सहमति जनाएका छन् । तर अवामी लिग र उसका केही पूर्व सहयोगीहरूलाई प्रक्रियाबाट बाहिर राखिएको भन्दै जनमतसङ्ग्रहको आलोचना पनि भइरहेको छ । यस चुनावले बङ्गलादेशको लोकतान्त्रिक भविष्यको दिशा तय गर्ने अपेक्षा गरिएको छ।

## विश्वकप क्रिकेटः

# नेपाल इटालीसँग १० विकेटले पराजित



काठमाण्डु । आइसिसी पुरुष टी-२० विश्वकप क्रिकेट २०२६ अन्तर्गत इटाली विरुद्धको खेलमा नेपाल पराजित भएको छ।

भारतको मुम्बईस्थित वानखेडे स्टेडियममा विहीबार भएको खेलमा नेपाल इटलीसँग १० विकेटले पराजित भएको हो। नेपालले दिएको १२४ रनको लक्ष्य पछाएको इटाली १२.४ ओभरमा पूरा गऱ्यो । इटालीका लागि एन्थोनी मोस्का र जस्टिम मोस्काले शतकीय साझेदारी गरे । एन्थोनीले ६२ रन बनाउँदा जस्टिन मोस्काले ६० रन बनाए।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको नेपालले १९.३ ओभरमा सबै विकेट गुमाएर १२३ रन बनाएको थियो । नेपालको लागि आरिफ शेखले सर्वाधिक २७ रन बनाए । रोहित पौडेलले २३ र आसिफ शेखले २० रन जोडे। दीपेन्द्र सिंह ऐरी १७ रनमा आउट भए भने करण केसी १८ रनमा अविजित रहे ।इटालीका बलर क्रिशान कालुगामागेले ३ विकेट लिए भने बेन मानेन्टीले २ विकेट झारे। जसप्रित सिंह र जे जे स्मट्सले समान १-१ विकेट लिए।

समूह 'सी' मा रहेको नेपालको यो लगातार दोस्रो हार हो। यसअघि पहिलो खेलमा नेपाल इङ्ल्याण्डसङ ४ रनले पराजित भएको थियो। यस लगातार हारसँगै नेपालको सुपर एट मा पुग्ने सम्भावना कमजोर बनेको छ। यता इटालीको भने यो पहिलो जित हो । इटाली आफ्नो पहिलो खेलमा स्कटल्याण्डसँग पराजित भएको थियो ।रासस

# दबाबबीच इयु नेताहरूको रणनीतिक बैठक

**एपी**

बेल्जियम । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको व्यापारिक दबाब, चीनको आक्रामक आर्थिक रणनीति र रुसको हाइब्रिड खतराको सामना गर्दै युरोपेली सङ्घ (इयु) का २७ राष्ट्रका नेताहरू बेल्जियमको ऐतिहासिक एल्डेन बिसेन महलमा बिहीबार रणनीतिक बैठकमा जुटेका छन्। बढ्दो भू-राजनीतिक चुनौतीले कूटनीति, रक्षा र व्यापारप्रतिको युरोपको दृष्टिकोण पुनर्विचार गर्न बाध्य बनाएको छ।

बेल्जियमका प्रधानमन्त्री बार्ट डे वेभरले 'हामीले मार्ग परिवर्तन गर्नुपर्छ भन्ने सबैलाई थाहा छ, तर कहिलेकाहीँ जहाजको पुलमा उभिएर दिशा समात्न नसकेको अनुभूति हुन्छ' भन्दै परिस्थितिको गम्भीरता व्यक्त गर्नुभएको छ। बिहीबारको छलफलले मार्च अन्त्यमा हुने अर्को शिखर सम्मेलनका लागि ठोस प्रस्ताव तयार गर्ने अपेक्षा गरिएको छ।



जर्मन चान्सलर फ्रेडरिक मेर्ज र इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनीले वासिङ्टनसँग सम्बन्ध पुनर्जीवित गर्दै दक्षिण अमेरिकाका मर्कोसुर राष्ट्रहरूसँग जस्तै थप व्यापार सम्झौतामार्फत नियन्त्रणमुक्त र खुला अर्थनीति अघि बढाउनुपर्ने धारणा राख्नुभएको छ। मेर्जले 'हामीले प्रत्येक क्षेत्रमा नियमन घटाउनुपर्छ' भन्नुभएको छ ।तर फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोनसँग यस विषयमा मतभेद देखिएको छ। रक्षा खर्चको कति भाग इयुका हतियार कम्पनीबाटै खरिद गर्नुपर्ने भन्नेमा विवाद छ। म्याक्रोनले युरोपेली कम्पनीलाई प्राथमिकता दिनुपर्ने तर्क गर्नुभएको छ भने मेर्ज र मेलोनीले विदेशी तथा युरोपेली दुवै स्रोतबाट खरिद खुला राख्नुपर्ने बताउनुभएको छ।

म्याक्रोनले क्लिनटेक, रसायन, इस्पात, अटो उद्योग र रक्षा क्षेत्रमा 'युरोपेली प्राथमिकता' लागू गरी उद्योग जोगाउनुपर्ने धारणा सार्वजनिक गर्नुभएको छ । "चिनियाँ र अमेरिकीहरूले आफ्ना उद्योग जोगाउँछन्, हामीले पनि गर्नुपर्छ", उहाँले अन्तर्राष्ट्रिय सञ्चारमाध्यमसँगको अन्तर्वार्तामा उल्लेख गर्नुभएको छ । अनुचित प्रतिस्पर्धाको सामना गरिरहेको युरोपले रणनीतिक क्षेत्रमा सुरक्षात्मक नीति अपनाउनुपर्ने उहाँको भनाइ छ।

नेताहरूले ट्रम्पको कर र चीनद्वारा महत्त्वपूर्ण खनिज निर्यातमा लगाइएको प्रतिबन्धको सन्दर्भमा विश्व व्यापार प्रणालीमा इयुको हित जोगाउन नयाँ वित्तीय उपकरणबारे पनि छलफल गर्दैछन् । म्याक्रोनले ' भविष्यका लागि युरोबन्ड' मार्फत सामूहिक ऋण सङ्कलन गरी डलरको वर्चस्वलाई चुनौती दिनुपर्ने प्रस्ताव दोहोऱ्याउनुभएको छ।

यसबीच, जर्मनी र इटालीले युरोपेली आयोगको प्रशासनिक झन्झट घटाउने, एकल बजार सुदृढ गर्ने र साझा नियममा आधारित महत्त्वाकांक्षी व्यापार नीति अघि बढाउने आह्वान गर्नुभएको छ। यो दृष्टिकोण युरोपेली आयोग अध्यक्ष उर्सुला भोन डेर लेयनको आर्थिक सुरक्षा एजेन्डासँग मेल खान्छ । उहाँले आर्थिक शक्ति नै विश्व मञ्चमा प्रभावको आधार भएको बताउनुभएको छ।

आधिकारिक युरोबेरोमिटर सर्वेक्षणअनुसार सैन्य, आर्थिक र जलवायु जोखिमबीच नागरिकहरू अझ सुदृढ र एकीकृत युरोपेली नेतृत्वको अपेक्षा गरिरहेका छन्।

# वरिष्ठ जेनरल बर्खास्त भएपछि चिनियाँ राष्ट्रपति सीको दुर्लभ टिप्पणी

**बीबीसी**

काठमाण्डु । चीनका राष्ट्रपति सी जिन्पिङले चिनियाँ सेनाका वरिष्ठतम जेनरललाई पदबाट हटाउने गरी भएको कारबाहीबारे पहिलो पटक एउटा दुर्लभ सार्वजनिक टिप्पणी गरेका छन्।

गत महिना चीनको जनमुक्ति सेना पीएलएका वरिष्ठतम जेनरल जाङ योशिया बर्खास्त भए। उनलाई सीसँग निकट मानिन्थ्यो। उनीमाथि "अनुशासन र कानुनको गम्भीर उल्लङ्घन" गरेको आरोप लागेको थियो। चीनमा उक्त पदावलीलाई प्रायजसो भ्रष्टाचारको आरोप लगाउँदा पर्यायका रूपमा प्रयोग गरिन्छ।मङ्गलवार एउटा भर्चूअल भाषणमा सीले गत वर्ष "अस्वाभाविक र असाधारण" रहेको भन्दै सेनाले "भ्रष्टाचारविरुद्धको सङ्घर्षमा क्रान्तिकारी परिष्कार" गरेको बताए। राष्ट्रपति बनेदेखि नै सी जिन्पिङले भ्रष्टाचारविरुद्ध विभिन्न अभियान सञ्चालन गरेका छन्।



यद्यपि केही विश्लेषकहरूले सीको त्यस्तो अभियान आफ्ना राजनीतिक प्रतिद्वन्द्वीलाई निस्तेज पार्ने अस्त्र भएको बताउने गरेका छन्। मङ्गलवारको भाषणमा सीले पीएलएले "कैयौँ जोखिम र चुनौतीहरू" प्रभावकारी तरिकाले सम्बोधन गरेको अनि सेनामा भएका धेरै जनाको "गहिरो राजनीतिक शुद्धीकरण" भएको बताए।उनले पीएलएका सैनिकहरू "पार्टीप्रति निष्ठावान" रहेको र तिनले आफूलाई "सक्षम र विश्वसनीय" प्रमाणित गरेको बताए।

आसन्न चिनियाँ नववर्षका अवसरमा पीएलएलाई दिएको शुभकामना सन्देशमा सीले सेनाभित्र गरिएको कारबाहीबारे अर्थपूर्ण टिप्पणी गरेका हुन्। वार्षिक शुभकामना सन्देशमा सीले सन् २०२२ पछि पहिलो पटक भ्रष्टाचारबारे बोलेका हुन्। कारबाहीमा परेका ७५ वर्षीय जाङ योशिया चिनियाँ सेनामा निकै शक्तिशाली मानिने केन्द्रीय सैन्य आयोग सीएमसीका उपाध्यक्ष थिए। सीएमसीको अध्यक्षता सी आफैँ गर्छन्।

जाङ योशियासँगै अर्का वरिष्ठ सैन्य अधिकारी जेनरल लिउ जेन्लीलाई पदबाट हटाइएको थियो।त्यसअघि अक्टोबर २०२५ मा सीएमसीका केही सदस्यहरूसहित नौ वरिष्ठ जेनरलहरू बर्खास्त भएका थिए। त्यतिबेलासरकारीअधिकारीहरूलेउनीहरूलाई भ्रष्टाचारविरुद्धको अभियानअन्तर्गत कारबाही गरिएको बताएका थिए।विगत तीन वर्षमा १४ चिनियाँ जेनरलहरू या त पदमुक्त भएका वा अनुसन्धानमा परेको अभिलेखले देखाउँछ।

अहिलेका कारबाहीपछि सातसदस्यीय सीएमसीमा अब सीसहित दुई जना मात्र बाँकी छन्। सीले अहिले गरेको टिप्पणी निकै असामान्य हो।उनी कहिल्यै पत्रकार सम्मेलन गर्दैनन्। पूर्ण नियन्त्रणमा भएका चिनियाँ सरकारी सञ्चारमाध्यममा अन्तर्वार्ता पनि दिँदैनन्।तर उनले बेलाबेलामा चिनियाँ जनता र विशेषतः चिनियाँ कम्युनिस्ट पार्टीका कार्यकर्ताहरूलाई आफूले गरेको काम सार्थक छ भनेर आश्वस्त पार्नुपर्छ।

वरिष्ठ सैन्य पदाधिकारीहरूमाथि भएको कारबाहीबारे बोलेर उनले सम्भवतः चिनियाँ जनता र सीपीसीका कार्यकर्ताहरूलाई अहिले सेनाको लडाइँ गर्ने र जित्ने क्षमतामा केही प्रभाव परेको हुन सक्ने भए पनि आफूसँग त्यसलाई समाधान गर्ने योजना भएको सन्देश दिन खोजेका छन्। सीले भ्रष्टाचारविरुद्धको सङ्घर्षलाई आफ्नो शासनको स्तम्भजस्तै बनाएका छन्। उनले भ्रष्टाचार चिनियाँ कम्युनिस्ट पार्टीका लागि "सबैभन्दा ठूलो जोखिम" भएको र त्यसविरुद्धको लडाइँ "निकै गम्भीर र जटिल" भएको बताउने गरेका छन्।

"पदबाट हटाउने कारबाहीसँग सम्बन्धित भाषाले आन्तरिक रूपमा के हुँदै छ भन्ने विषयमा धेरै जानकारी दिँदैन। साँच्चै भ्रष्टाचार हो कि राजनीतिक अन्तर्सङ्घर्ष, नितान्त बर्खास्ती वा अरू केही कुरा हो भन्ने स्पष्ट हुँदैन," न्यासनल यूनिभर्सिटी अफ सिङ्गापुरका प्राध्यापक चोङ जा इअन भन्छन्। "पदबाट बर्खास्त गर्ने कारबाहीको चर्चा प्रायजसो चिनियाँ कम्युनिस्ट पार्टीभित्रको विषयको सङ्केत हो। त्यसले भ्रष्ट बने वा सीले चाहेको कुरा, त्यो जेसुकै भए पनि, पूर्णतः पालना नगरे गम्भीर परिणाम भोग्नुपर्छ भन्ने सङ्केत गर्छ।"

# दक्षिण कोरिया : पूर्वगृहमन्त्रीलाई सात वर्ष कैद

**एपी**

सियोल । दक्षिण कोरियाका पूर्वगृहमन्त्री ली साङ-मिनलाई सन् २०२४ मा तत्कालीन राष्ट्रपति युन सुक योलले घोषणा गर्नुभएको संक्षिप्त मार्सल ल कार्यान्वयनमा सहयोग गरेको अभियोगमा बिहीबार सात वर्षको जेल सजाय सुनाइएको छ।

उहाँविरुद्धको फैसला सोही सियोल अदालतका फरक न्यायाधीशबाट आएको हो । यो राष्ट्रपति युनविरुद्ध दायर विद्रोहसम्बन्धी मुद्दामा निर्णय आउनुभन्दा एक साताअघि सार्वजनिक भएको हो। युनमाथि लागेको विद्रोहको अभियोगमा अभियोजनकर्ताहरूले मृत्युदण्डको माग गरिरहेका छन्।

अदालतले गृह मन्त्रालयको नेतृत्व सम्हाल्नुभएका लीले मार्सल ल कार्यान्वयनमा सहयोग गरेको, साथै सरकारको नीतिको आलोचना गर्ने सञ्चारमाध्यमहरूलाई पानी र बिजुली आपूर्ति काट्न प्रहरी र अग्नि नियन्त्रक प्रमुखहरूलाई आदेश प्रवाह गरेको ठहर गरेको छ । यद्यपि, राष्ट्रिय सभाका सांसदहरूले सैन्य र प्रहरी नाकाबन्दी तोड्दै सर्वसम्मत रूपमा मार्सल ल हटाउने निर्णय गरेपछि ती निर्देशनहरू कार्यान्वयनमा जान सकेका थिएनन्।



लीले भने सञ्चारमाध्यमहरूलाई उपयोगिता सेवा कटौती गर्न कुनै निर्देशन प्राप्त नगरेको वा जारी नगरेको दाबी गर्नुभएको थियो । उहाँले राष्ट्रिय फायर एजेन्सीका पूर्वआयुक्त जनरल हेओ सेओक-गोनसहितका अधिकारीहरूको गवाही अस्वीकार गर्नुभएको थियो, जसमा उहाँले फोनमार्फत त्यस्ता आदेश दिएको भनिएको थियो । साथै, मार्सल ल घोषणा गर्ने षड्यन्त्र वा योजना बनाएको आरोप पनि उहाँले अस्वीकार गर्नुभएको थियो।

न्यायाधीश र्यु क्युङ-जिनले अन्य अधिकारीहरूको गवाही, सुरक्षा क्यामेरा दृश्य र उपलब्ध प्रमाणहरूले लीले युनको आदेश पालना गर्ने प्रयास गरेको स्पष्ट देखाएको बताउनुभयो । उहाँका अनुसार मार्सल ल कार्यान्वयनमा लीले महत्त्वपूर्ण भूमिका खेलेको तथ्य निर्विवाद छ ।तर पर्याप्त प्रमाण अभावका कारण अदालतले शक्तिको दुरुपयोगसम्बन्धी अर्को आरोपबाट उहाँलाई मुक्त गरेको छ।

फैसलापछि ली हल्का मुस्कानसहित मौन रहनुभएको थियो । उहाँका कानूनी टोलीले तत्काल अपिल गर्ने वा नगर्नेबारे कुनै प्रतिक्रिया दिएको छैन । अभियोजनकर्ताहरूले उहाँका लागि १५ वर्ष जेल सजाय माग गरेका थिए ।मार्सल ल प्रकरणमा दोषी ठहर हुने ली युनको मन्त्रिमण्डलका दोस्रो सदस्य हुनुहुन्छ । यसअघि पूर्वप्रधानमन्त्री हान डक-सूलाई २३ वर्ष जेल सजाय सुनाइएको थियो, जसविरुद्ध उहाँले अपिल गर्नुभएको छ।

रूढीवादी नेता युनले मार्सल ललाई आफ्नो शासनको आवश्यक कदमका रूपमा बचाउ गर्नुभएको थियो।

# अमेरिकासँगको व्यापार सम्झौताको भारतीय किसानद्वारा विरोध

**एएफपी**

नयाँदिल्ली । अमेरिकी सामानमा कर घटाउने वाशिङ्गटनसँगको व्यापार सम्झौताले भारतीय कृषिलाई चोट पुर्याउने र कृषकको जीविकोपार्जनलाई खतरामा पार्ने चेतावनी दिँदै बिहीबार भारतीय किसानहरूले सम्झौताको विरोधका लागि नयाँदिल्लीलगायतका प्रमुख शहरमा प्रदर्शन गरेका छन्।

गत हप्ता घोषणा गरिएको सम्झौतालाई किसान सङ्गठनहरूले भारतीय संघीय सरकारले किसानलाई दिएको आश्वासनका बाबजुद अमेरिकी कृषि क्षेत्रका ठूला कम्पनीसमक्ष 'पूर्ण आत्मसमर्पण' भनेका छन्।झन्डा फहराउँदै र ब्यानर बोकेका किसान र ट्रेड युनियनका सदस्यहरूले भारतका प्रमुख शहरहरूमा र्याली गरे, केही स्थानहरूमा प्रहरीसँग सामान्य झडप भएको रिपोर्ट गरिएको छ।

आयोजकहरूले साझा गरेका तस्वीरमा हजारौँ मानिसहरू सडकमा उत्रिएका देखिन्छ।

प्रमुख प्रतिपक्षी दलका नेता राहुल गान्धीले आफलू किसानको सङ्घर्षलाई साथ दिएको बताउनुभएको छ। उहाँले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "किसानहरू व्यापार सम्झौताले उनीहरूको जीविकोपार्जनमा असर पार्छ कि भन्ने चिन्तामा छन्।"व्यापार सम्झौताका सर्तहरू अन्तर्गत, भारतले 'सबै अमेरिकी औद्योगिक वस्तुहरू र अन्य खाद्य र कृषि उत्पादनहरूमा कर हटाउने वा घटाउनेछ।

अमेरिकाले भारतबाट आयात हुने कपडा तथा तयारी पोशाक, छालाका जुत्ता, छालाबाट बनेका सामान प्लास्टिक, रबर, जैविक रसायन र केही मेसिनरी सामग्रीमा १८ प्रतिशत कर लगाउने भएको छ ।मोदी सरकारले संवेदनशील कृषि उत्पादन, दुग्ध र कुखुरापालनलाई सम्झौताको दायराबाट बाहिर राखिएको भन्दै किसानहरूको चासो हटाउन खोजेको छाकृषि क्षेत्रले विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको राष्ट्र भारतमा ४५ प्रतिशतभन्दा बढी मानिसहरूलाई धान्न मद्दत गर्दछ, जसले यसलाई शक्तिशाली सडक शक्ति भएको प्रभावशाली मतदाताको समूह बनाउँछ।

व्यक्तिगत फार्महरू साना र प्रायः अनुत्पादक हुन्छन् र एकपछि अर्को भारतीय सरकारहरूले ऐतिहासिक रूपमा उनीहरूलाई विदेशी प्रतिस्पर्धाबाट जोगाउन हस्तक्षेप गर्दै आएका छन्।

# पोकोको कमब्याक: टेलिटकसँग साझेदारी गर्दै एक्स ७ प्रो, एफ ७ र एफ ८ प्रो लन्च

टुडे समाचारदाता




काठमाण्डु। विश्वप्रसिद्धप्रविधि कम्पनी साओमीको स्वामित्वमा रहेको चर्चित स्मार्टफोन ब्रान्ड पोको नेपाली बजारमा औपचारिक रूपमा कमब्याक गरेको छ।गेमिङ र मल्टिटास्किङ स्मार्टफोनको रूपमा युवामाझ लोकप्रिय रहेको पोकोको पुनरागमनले स्मार्टफोन बजारमाप्रतिस्पर्धाबढाउनेअनुमान गरिएको छ।तीन वर्षपछि टेलिटक प्राइभेट लिमिटेडसँग साझेदारी गर्दै पोकोले तीनवटा अत्याधुनिक स्मार्टफोनसमेत लन्च गरेको हो। नयाँ फिचरसहित लन्च गरिएको पोको एक्स सेभेन प्रो फाइभजी,

पोको एफ सेभेन फाइभजी र पोको एफ एट प्रो फाइभजी मोडेलमा छिटो र तीव्र रूपमा काम गर्ने चिपसेटहरू, धेरै लामो समयसम्म टिक्ने ब्याट्री र आधुनिक फिचरहरू समावेश छन्। यसले ब्रान्डको ' पर्फमेन्स फर्स्ट' अर्थात् 'प्रदर्शन सर्वोत्कृष्ट' भन्ने दर्शनलाई जीवन्त बनाउने विश्वास गरिएको छ।तीन मोडेलहरू लन्च भएपछि आफ्नो धारणा व्यक्त गर्दै टेलिटकका कार्यकारी निर्देशक प्रतिक जालानले भने- "हामी पोकोलाई फेरि नेपाली बजारमा ल्याउन पाउँदा उत्साहित भएका छौँ।

यी फोनहरू बलियो र छिटो काम गर्नसक्ने चिपसेटहरू र लामोसमय टिक्ने ब्याट्रीका साथै नयाँ फिचरसहित डिजाइन गरिएका छन्। यसले बिनाकुनै सम्झौता गेम खेल्ने, एकैपटक धेरै कार्य गर्ने र निरन्तर कनेक्टेड रहने सुविधा प्रदान गर्नेछन्।"नेपालीको दैनिकीलाई सहज र सरल बनाउनु नै पोकोको मूल मर्म भएको बताउँदै उनले उत्कृष्ट अनुभव प्रदानका लागि सधैँ प्रतिबद्ध रहने बताए।फ्ल्यागशिप मोडेल पोको एफ एट प्रोमा क्वालकम एसएम ८७५०-एबी स्न्यापड्रयागन ८ एलिट प्रोसेसर (थ्री एनएम) छ, जसमा अक्टा-कोर ४.३२ गिगा हर्ज कन्फिग्रेसन छ।


यसमा ६.५९ इन्चको आई-केयर एमोलेड डिस्प्ले छ, जसको रिफ्रेस रेट १२० हर्ज छ। ६२१० एमएएच ब्याट्रीसँग १०० वाट फास्ट चार्जिङ सपोर्ट, १२ जीबी र्‍याम प्लस ५१२ जीबी रोम र एन्ड्रोइड १६ अपरेटिङ सिस्टममा आधारित हाइपर ओएस थ्री रहेकाले यो स्मार्टफोनले उत्कृष्ट प्रदर्शन गर्ने कम्पनीको दाबी छ।साउन्ड क्वालिटीका लागि स्टेरियो स्पिकरहरूमा डल्बी एटमस, बोसद्वारा ट्युन गरिएको र हाई-रेस अडियो सपोर्ट छ। क्यामेरामा वाइड, टेलिफोटो र अल्ट्रावाइड लेन्सहरूको ट्रिपल सेटअप छ।यसमा आईपी ६८ रेटिङको सुविधा छ, जसले पानी र धुलोबाट सुरक्षा प्रदान गर्छ। यो फोन टाइटेनियम सिल्भर, निलो र कालो रङहरूमा उपलब्ध छ।

त्यस्तै अर्को मोडेल पोको एक्स सेभेन प्रो फाइभजीमा मिडियाटेक डाइमेन्सिटी ८४०० अल्ट्रा चिपसेट (फोर एनएम) छ, जसमा अक्टा-कोर ३.२५ गिगा हर्ज प्रोसेसर छ। ६.६७ इन्चको क्रिस्टलरेस एमोलेड डिस्प्ले (१२० हर्ज रिफ्रेस रेट) सँगै ६००० एमएएच ब्याट्री र ९० वाट हाइपरचार्ज फिचर छन्। एन्ड्रोइड १५ र हाइपर ओएस टूमा आधारित यो फोन १२ जीबी र्‍याम प्लस ५१२ जीबी रोमसँगै आउँछ। यसमा पनि आईपी ६८ रेटिङ छ र यो कालो, हरियो तथा पहेंलो रङमा उपलब्ध छ।

त्यसैगरी पोको एफ सेभेन फाइभजीमा क्वालकम एसएम ८७३५ स्न्यापड्रयागन ८ एस जेन ४ प्रोसेसर छ। ६.८३ इन्चको १.५ के एमोलेड अल्ट्रा-ब्राइट डिस्प्लेसहित ६५०० एमएएच ब्याट्री र ९० वाट वायर्ड चार्जिङ फिचर यसमा रहेका छन्।यी तीनै मोडेलहरूमा अगाडि सिंगल सेल्फी क्यामेराहरू छन्। कम्पनीले पोको एक्स सेभेन प्रोको बजार मूल्य ५५,९९९ रुपैयाँ तोकेको छ।

त्यस्तै पोको एफ सेभेनको मूल्य ६९ हजार ९९९ र पोको एफ एट प्रोको ९९ हजार ९९९ रुपैयाँ मूल्य तोकिएको छ। उपभोक्ताको हितलाई मध्यनजर गर्दै पोकोले ९ महिनासम्म ईएमआईको सुविधा पनि दिएको छ भने सबै मोडेलहरूमा १ वर्षको ब्रान्ड वारेन्टी उपलब्ध छ।

# चुनावी प्रचारप्रसारका लागि 'डिजिटल प्लेटफर्म' उपयोगी बन्दै




कञ्चनपुर । प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा यहाँका तीनवटै निर्वाचन क्षेत्रका उम्मेदवारले सामाजिक सञ्जाल तथा 'डिजिटल प्लेटफर्म' लाई चुनावी प्रचारप्रसारको मुख्य साधनका रूपमा प्रयोग गर्न थालेका छन् ।

छोटो समयमा धेरै मतदातासम्म सन्देश पुऱ्याउन सकिने प्रभावकारी माध्यमका रूपमा टिकटक, फेसबुक, ट्विटर (एक्स) लगायतका प्लेटफर्म प्रयोग गर्दै उम्मेदवारहरूले प्रचार अभियान तीव्र बनाएका हुन् । तत्कालीन झलारी गाविसका अध्यक्ष टेकबहादुर हमाल अहिले सामाजिक सञ्जाल नागरिकका लागि अभिव्यक्ति स्वतन्त्रताको प्रयोग, सार्वजनिक बहसमा सहभागिता तथा सरकारलाई जबाफदेही बनाउन दबाब सिर्जना गर्ने महत्वपूर्ण मञ्चका रूपमा स्थापित हुँदै गएको बताउनुहुन्छ ।

"पहिला हाम्रा जमानाका जस्तो माइकिङ गर्ने, भित्तेलेखन गर्ने र पर्चा-पम्पलेट वितरण गर्ने, जताततै टाँस्ने कार्य हुन्थ्यो, यस पटकको निर्वाचनमा खासै पहिलाको जस्तो छैन", उहाँले भन्नुभयो, "अधिकांश उम्मेदवारले डिजिटल प्लेटफर्मलाई नै चुनावी प्रचारको प्रमुख माध्यम बनाएका छन् ।"

उम्मेदवार घरदैलोमा प्रत्यक्ष नपुगे पनि सामाजिक सञ्जालमार्फत मतदाताले उहाँहरुको प्रतिबद्धता र एजेण्डाबारे मोबाइलमै जानकारी पाउन थालेको उहाँको भनाइ छ । उहाँका अनुसार सामाजिकसम्बन्ध विस्तारदेखि उद्यमशीलता र डिजिटल अर्थतन्त्रसम्मका गतिविधि सामाजिक सञ्जालमार्फत सञ्चालन भइरहेका छन् । यही परिवेशलाई आत्मसात गर्दै कञ्चनपुरका उम्मेदवारहरूले पनि आफ्नो चुनावी अभियान डिजिटल माध्यममा केन्द्रित गरेका हुन् । यसले चुनावी प्रचारप्रसार खर्चलाई मितव्ययी बनाउन सहयोग पुगेको उहाँले बताउनुभयो ।

जिल्लाका निर्वाचन क्षेत्र नं १, २ र ३ मा उम्मेदवारी दिएका अधिकांश दल तथा स्वतन्त्र उम्मेदवारले दैनिक कार्यक्रम, घरदैलो भेटघाट, कार्यकर्ता भेला, अन्तरक्रिया तथा सभाका गतिविधि सामाजिक सञ्जालमार्फत सार्वजनिक गरिरहेका छन् । पूर्व शिक्षक राजबहादुर साउदका अनुसार समय र स्रोतको सीमितताका कारण सबै उम्मेदवार मतदाताको घरदैलोमा पुग्न नसक्ने भएकाले डिजिटल प्लेटफर्म प्रचार प्रसारको वैकल्पिक र प्रभावकारी साधन बनेको छ ।

उम्मेदवारले घोषणापत्रका मुख्य बुँदा, विकासका एजेण्डा तथा प्राथमिकताका विषयलाई भिडियो, पोस्टर, प्रत्यक्ष प्रसारण (लाइभ) र सन्देशमार्फत सामाजिक सञ्जालमा प्रस्तुत गरिरहेका छन् । "विशेषगरी युवावर्गलाई लक्षित गरी छोटा भिडियो सामग्री निर्माण गरेर टिकटक र फेसबुक रिल्समार्फत प्रचार गर्ने प्रवृत्ति बढेको छ", साउदले भन्नुभयो ।

नेपाली कांग्रेसका प्रचारप्रसार समितिका सदस्य तथा प्रदेश (ख)का सह सचिव हबलदार चौधरीका अनुसार सामाजिक सञ्जालमार्फत कम खर्चमा बढी मतदातासम्म पुग्न सकिने भएकाले डिजिटल प्रचारलाई प्राथमिकता दिइएको हो ।

"परम्परागत सभा-जुलुस र घरदैलो कार्यक्रम आवश्यक छन्, तर सबै ठाउँमा एकैपटक थोरै समयमा पुग्न सम्भव हुँदैन", उहाँले भन्नुभयो, "सामाजिक सञ्जालमार्फत एकै सामग्री हजारौँ मतदातासम्म तत्कालै पुऱ्याउन सकिन्छ, त्यै भएर यसको प्रयोगलाई प्रचारप्रसारका कार्यमा जोड दिएका छौँ ।"

सामाजिक सञ्जालले उम्मेदवार र मतदाताबीच प्रत्यक्ष अन्तरक्रिया गर्ने अवसर पनि प्रदान गरेको उहाँको भनाइ छ । उहाँ भन्नुहुन्छ, "मतदाताले टिप्पणी, सन्देश वा लाइभ कार्यक्रममा प्रश्न राखेर जिज्ञासा व्यक्त गर्ने गरेका छन् भने उम्मेदवारहरूले त्यसको जवाफ दिँदै आफ्ना योजना स्पष्ट पार्ने गरेका छन् ।" यसले चुनावी बहसलाई थप खुला र सहभागितामूलक बनाएको उहाँको भनाइ रहेको छ ।

सामाजिक सञ्जालको प्रयोगसँगै चुनौती पनि देखिएका छन् । भ्रामक सूचना, अपुष्ट सामग्री र प्रतिस्पर्धीविरुद्ध नकारात्मक प्रचार हुनसक्ने सम्भावनालाई ध्यानमा राख्दै निर्वाचन कार्यालयले आचारसंहिता पालना गर्न सचेत गराउँदै आएको छ । सामाजिक सञ्जाल अहिले मनोरञ्जनको माध्यम मात्र नभइ राजनीतिक, सामाजिक तथा आर्थिक गतिविधिको सशक्त प्लेटफर्मका रूपमा स्थापित भइसकेको छ ।

विशेषगरी, सहरी क्षेत्रमा बसोबास गर्ने युवा तथा डिजिटल पहुँच भएका मतदातासम्म सन्देश पुऱ्याउन यो प्रभावकारी माध्यम बनेको छ । कञ्चनपुरका तीनवटै निर्वाचन क्षेत्रमा ५५ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । तीमध्ये धेरैले आफ्ना आधिकारिक फेसबुक पेज, टिकटक एकाउन्ट र अन्य डिजिटल माध्यम सक्रिय बनाएका छन् । कतिपयले पेशेवर डिजिटल टोली गठन गरी सामग्री निर्माण र प्रचार रणनीति तय गरेका छन् भने केही उम्मेदवारले स्वयम् सामाजिक सञ्जालमार्फत प्रत्यक्ष संवाद गरिरहेका छन् ।

डिजिटल प्रचारप्रसारको प्रभाव बढ्दै गए पनि ग्रामीण क्षेत्रमा प्रत्यक्ष भेटघाटको महत्व भने कायमै छ । त्यसैले उम्मेदवारहरूले भौतिक कार्यक्रम र डिजिटल प्रचारलाई सन्तुलित रूपमा अघि बढाइरहेका छन् । पारदर्शीता, जिम्मेवारी र आचारसंहिताको पालना गर्दै सामाजिक सञ्जाल प्रयोग गर्न सके यसले लोकतान्त्रिक प्रक्रियालाई थप सुदृढ बनाउने अपेक्षा गरिएको छ ।रासस

# तोलामा एक सयले घट्यो सुनको मूल्य



काठमाण्डु । स्थानीय बजारमा विहीबार तोलामा रु १०० ले सुनको मूल्य घटेको छ । चाँदीको मूल्य भने रु ५० ले बढेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार विहीबार छापावाल सुन प्रतितोला रु तीन लाख छ हजार ५०० र एक तोला चाँदीको मोल रु पाँच हजार ३४० कायम भएको छ । बुधबार छापावाल सुन प्रतितोला रु तीन लाख छ हजार ६०० र एक तोला चाँदीको मोल रु पाँच हजार २९० कायम भएको थियो । गत मङ्गलबार प्रतितोला सुन रु तीन लाख पाँच हजार ५०० र एक तोला चाँदीको मोल रु पाँच हजार २४० कायम भएको थियो । गत सोमबार एक तोला सुन रु तीन लाख चार हजार ६०० र त्यति नै परिमाणको चाँदी रु पाँच हजार २५० मा खरिदबिक्री भएको थियो ।

अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार विहीबार एक औँस सुन पाँच हजार ८३ र त्यति नै चाँदी ८३ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।रासस

# रेन्बो ट्राउट माछापालनको प्रारम्भिक परीक्षण




दमौली । आँबुखैरेनी गाउँपालिकाले पहिलो पटक रेन्बो ट्राउट माछापालनको प्रारम्भिक परीक्षण गरेको छ । कृषिमा नयाँ सम्भावनाको खोजी गर्दै मत्स्यपालन क्षेत्रमा महत्वपूर्ण पहलका लागि पहिलो पटक रेन्बो ट्राउटको परीक्षण गरिएको हो ।

आँबुखैरेनी-२ स्थित खोलागाउँमा रहेको साहारा कृषि तथा पशुपक्षी फार्मसँगको साझेदारीमा रेन्बो ट्राउट माछापालनको सम्भावनाबारे प्रारम्भिक परीक्षण थालिएको गाउँपालिकाका पशुसेवा शाखा प्रमुख डा सन्तोष देवकोटाले जानकारी दिनुभयो ।

हाल सुरुआती चरणमा एक हजार ५०० रेन्बो ट्राउट माछाका भुरा पोखरीमा राखिएको गाउँपालिकाले जनाएको छ । परीक्षण सफल भएमा व्यावसायिक उत्पादनतर्फ अघि बढ्ने योजना रहेको देवकोटाले बताउनुभयो । भौगोलिक बनावट, चिसो र स्वच्छ पानीको उपलब्धता ट्राउट माछापालनका लागि उपयुक्त मानिन्छ । "हामीले सम्भाव्यता अध्ययनका लागि प्रारम्भिक परीक्षण सुरु गरेका हौँ, यसको नतिजा कस्तो आउँछ, त्यसपछि व्यावसायिक रुपमा माछापालनका लागि प्रोत्साहन गर्छौं", उहाँले भन्नुभयो ।

रेन्बो ट्राउट उच्च मूल्यमा बिक्री हुने माछा भएकाले किसानका लागि आकर्षक आम्दानीको स्रोत बन्नसक्ने विश्वास गरिएको छ । रासस

# राष्ट्रिय गाई प्रदर्शनीमा कामना कृषि फर्मको गाई सर्वोत्कृष्ट



नारायणगढ । चितवनमा आयोजित राष्ट्रिय गाई प्रदर्शनी प्रतियोगितामा रत्ननगरस्थित कामना कृषि तथा पशुपक्षी फर्मको अर्जुन ढकालको गाई सर्वोत्कृष्ट घोषित भएको छ । ४०० पूर्णाङ्कमध्ये ३६२.५ अङ्क प्राप्त गर्दै उक्त गाई प्रथम बनेको हो । दूध उत्पादनमा अग्रणी मानिएको चितवनमा पहिलो पटक यस प्रकारको प्रतिस्पर्धात्मक मूल्याङ्कनसहितको गाई प्रदर्शनी आयोजना गरिएको हो ।

भरतपुरस्थित चितवन प्रदर्शनी केन्द्रमा जारी अन्तरराष्ट्रिय डेरी प्रदर्शनी-२०८२ अन्तर्गत बुधबार आयोजित प्रतियोगितामा विभिन्न नश्लका गाईलाई एकै स्थानमा भेला गरी पशु विज्ञहरूले स्वास्थ्य अवस्था, दूधालुपन, शारीरिक बनावट, हिँडाइ तथा प्रजननयोग्यता लगायतका आधारमा मूल्याङ्कन गरेका थिए । चार सदस्यीय निर्णायक समूहले अङ्क प्रदान गरेको थियो ।

प्रतियोगितामा शिवानी कृषि तथा पशुपक्षी फर्मका सञ्चालक शिवप्रसाद पौडेलको गाई ३५३.५ अङ्कसहित द्वितीय स्थानमा रह्यो भने कालिका पशु विकास केन्द्रका सञ्चालक चेतप्रसाद ढकालको गाई ३५२.५ अङ्कसहित तृतीय भयो । नोभा कृषि फर्मका सञ्चालक पदम तिवारीको गाई सान्त्वना स्थानमा परेको छ ।

गाई प्रतियोगिताका प्रमुख निर्णायक कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुरका एसोसिएट प्रोफेसर डा गोकर्ण गौतम रहनुभएको थियो । त्यसैगरी गाई अनुसन्धान कार्यक्रम, रामपुरका विज्ञ डा उद्धव पनेरु, किसान आयोगका वरिष्ठ पशु विकास अधिकृत डा खगेन्द्र सापकोटा तथा अमेरिकी पशु विज्ञ डेनियल ली लेनी निर्णायक सदस्य रहनुभएको थियो ।

निर्णायकहरूले प्रतियोगितामा सहभागी १७ वटा विभिन्न फर्मका गाईको स्वास्थ्य अवस्था, जातअनुसारको शारीरिक बनावट, हिँडाइ, दूधालुपन तथा प्रजननयोग्यता लगायतका आधारमा मूल्याङ्कन गर्नुभएको थियो । अन्य गाईको अङ्क पनि निकै नजिकै रहेको निर्णायक मण्डल संयोजक डा गौतमले बताउनुभयो ।

डा गौतमले गाईको शारीरिक बनावट, थुनेलो लाग्ने सम्भावना, ब्याउन सजिलो वा गाह्रो हुने संरचना लगायतका विशेषताका आधारमा मूल्याङ्कन गरिएको जानकारी दिनुभयो ।रासस

# नागूमा खाद्यान्न ढुवानी सुरु, मूल्यलाई लिएर स्थानीय असन्तुष्ट



दार्चुला । सडक सञ्जालले नजोडिएको दार्चुलाको नौगाड गाउँपालिका-१ को नागूक्षेत्रमा सरकारले खाद्यान्न ढुवानी सुरु गरेको छ । स्थानीयले आफ्ना माग सम्बोधन नभए निर्वाचन बहिष्कार गर्ने भनेपछि सरकारले यो क्षेत्रमा खाद्यान्न पठाउन थालेको हो ।

स्थानीयवासीले माघ १ र १७ गते बसेको भेलाबाट खाद्यान्न, सडक, विद्यालय, झोलुङ्गे पुललगायत पूर्वाधार विकासका माग राख्दै आएका छन् । त्यसलगत्तै माघ १८ गते जिल्ला समन्वय समिति प्रमुख महादेव बडू नेतृत्वको जिल्ला खाद्य व्यवस्था समितिको बैठकले नागूक्षेत्रमा खाद्यान्न ढुवानी गर्ने निर्णय गरेको थियो ।सोही निर्णयअनुसार हाल नागूक्षेत्रमा खाद्यान्न ढुवानी भइरहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी शाखा कार्यालय दार्चुलाका प्रमुख हर्कराज उपाध्यायले जानकारी दिनुभयो । यो क्षेत्रमा पहिलो चरणमा ३३ बोरा चामल पठाइएको छ ।

उपाध्यायका अनुसार वडा नं १ को लागि एक हजार क्विन्टल खाद्यान्न ढुवानी सुरु गरिएको छ। सिके कन्सटर्क्सनमार्फत यो क्षेत्रमा खाद्यान्न ढुवानी थालिएको उहाँले बताउनुभयो । नागू, पारिमेला र इयरकोट क्षेत्रमा वितरण हुने गरी कम्पनीले चामल पठाइरहेको छ । खाद्य संस्थानले प्रतिकिलो रु ६२ को दरमा मोटो चामल उपलब्ध गराइरहेको उहाँले जानकारी दिनुभयो ।

चामल प्रतिबोरा रु एक हजार ५५० तोकिएको छ । वडा नं १ का वडाध्यक्ष हरिलाल महताका अनुसार अहिले गाउँमा निरन्तर खाद्यान्न ढुवानीको काम भइरहेको छ । अहिले नौगाड-१ को सुण्डमुण्डसम्म जीप तथा ट्र्याक्टरमार्फत खाद्यान्न ढुवानी भइरहेको छ । पारिमेलाबाट खच्चडले गाउँका पसलमा खाद्यान्न पुऱ्याउने काम गरिरहेका महताले जानकारी दिनुभयो ।

यसअघि दार्चुलाका अन्य खाद्य डिपोमा चामल ढुवानी भए पनि नागूको लागि ढुवानी भएको थिएन् । खाद्य व्यवस्था तथा व्यापार कम्पनीले चालु आर्थिक वर्षमा चामल ढुवानीका लागि दुई पटक बोलपत्र आह्वान गरे पनि नागू डिपोका लागि न्यून ढुवानी भाँडा निर्धारण गरिएकाले कुनै पनि ढुवानीकर्ताले प्रस्ताव पेस नगरेपछि समयमा खाद्यान्न पठाउन नसकिएको प्रमुख उपाध्यायले बताउनुभयो ।

कम्पनीले नागूका लागि प्रतिक्विन्टल रु दुई हजार १०० ढुवानी भाँडा तोकेर बोलपत्र निकालेको थियो । गत कात्तिकमा दोस्रो पटक बोलपत्र आह्वान गर्दा पनि प्रस्ताव दर्ता नभएपछि ढुवानी रोकिएको थियो ।सडक पहुँच नभएकाले खच्चड र मानिसबाट खाद्यान्न ढुवानी गर्दा महँगो मूल्य पर्न गएपछि ठेकेदारले यो क्षेत्रका लागि ठेक्कामा सहभागी नभएका गाउँपालिका अध्यक्ष दलजीत सिंह धामीले बताउनुभयो । उहाँका अनुसार ठेकेदारले अघिल्लो वर्ष ढुवानीमा नोक्सान भएको भन्दै यो पटक अस्वीकार गरेका थिए । नागू क्षेत्र नौगाडकै सबैभन्दा टाढाको दुर्गम बस्ती हो ।

सरकारी तवरबाट यो क्षेत्रमा अहिले खाद्यान्य ढुवानी गरिएको चामल बजारको तुलनामा महँगो भएको भन्दै स्थानीयले आपत्ति जनाएका छन् । स्थानीय करनसिंह डडाँलका अनुसार बजारमा प्रतिकिलो रु ५८ मा चामल पाइने भए पनि खाद्य कम्पनीको चामल रु ६२ मा बिक्री गरिरहेको छ ।

यही साता प्रमुख जिल्ला अधिकारी अनिल पौडेल नेतृत्वको टोली नागू पुग्दा खाद्य संस्थानको चामलको मूल्यमा हेरफेरका लागि स्थानीयले आग्रह गरेका डडाँलले जानकारी दिनुभयो । "यो क्षेत्र उस्तै विकट छ । झन सरकारले सहुलियत मूल्यमा चामल उपलब्ध गराउनुपर्नेमा व्यापारिक चामल भन्दा महँगो हुँदा समस्या पर्ने भन्दै मूल्य समायोजनको लागि ध्यानाकर्षण गराएका हौँ", उहाँले भन्नुभयो ।रासस

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा गा.वि.स. सुगामधुकरही वडा नं. ६ हाल हंसपुर न.पा. वडा नं. ४ मा बस्ने रुपी दास तत्माको नाती वलदेव दास तत्माको छोरा शिवशरण दास तत्माले आगे मेरो बुबा बलदेव दास तत्माको नाउँमा साविक मौजे सुगामधुकरहीको सा.कि.नं. ५३३ क्षेत्रफल ०-४-०-०, सा.कि.नं. ५३४ क्षेत्रफल ०-२-०-० सा.कि.नं.६६७ क्षेत्रफल ०-५-१०-० जग्गा सर्वे नापी हुँदा जि.ध. गा.वि.स. सुगामधुकरही वडा नं.५क कि.नं.२९० क्षेत्रफल ०-१०-०-० जग्गा नापनक्सा भई दर्ता गर्न छुट भएकोमा निजको मिति २०३३ साल अगावै मृत्यु भई निजको हकभोग अपुताली खाने हकदार एकमात्र पत्नी बढनिया देवीको पनि मिति २०२९ साल अगावै मृत्यु भई निजहरुको हकभोग अपुताली खाने छोराहरु क्रमशः महिन्दर दास तत्मा-१, राजकिशोर दास तत्मा-१, राज कुमार दास तत्मा-१. शिवशरण दास तत्मा-१ र बौएलाल दास तत्मा-१ समेत ६ जना भएकोमा महिन्दर दास तत्मा अविवाहित अवस्थामा मिति २०२२ मा परलोक भएको, राज कुमार दास तत्मा मिति २०७९/०३/२५ मा मृत्यु भई निजको हकभोग खाने पत्नी राजवती देवी तत्माको पनि मिति २०६४/०४/०३ मा मृत्यु भई निजहरुको हकभोग खाने एकमात्र छोरा हरिदेव दास वैदेशिक रोजगारीमा रहेकोले निजको हकमा पत्नी अंकुला कुमारी-१ समेत ५ जना अंशियारहरु भएकोमा राजकिशोर दास तत्मा-१. अंकुला कुमारी-१. राम दयाल दास तत्मा-१ र बौएलाल दास तत्मा-१ समेत ४ जनाको मंजुरीले उक्त जग्गा म निवेदक शिवशरण दास तत्माको नाउँमा छुट जग्गा दर्ता नामसारी गरी पाउँ भनी द.नं. २२३३६ मिति २०८१/०१/०७ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/१०/१६ गते भएको स्थलगत सर्जमिनमा निवेदकहरुको भोगमा जि.ध.गा.वि.स. सुगामधुकरही वडा नं.५क कि.नं.२९० क्षेत्रफल ०-१०-०-० जग्गा नभई ऐ.ऐ.कि.नं.२९६ क्षेत्रफल ०-८-१२ जग्गा देखिएकोले पुनः हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/१०/२७ को आदेशानुसार ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

तपसिल

| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | सुगामधुकरही | ५क | २९६ | ०-८-१२-० | ज.ध. महल खाली, मोही महल खाली, कैफियत महल खाली किसिम दोयम । |

# उच्च शिक्षाका लागि छात्रवृत्ति




**टुडे समाचारदाता**

जनकपुरधाम । दलित, विपन्न, मुस्लिम तथा जेहेन्दार छात्राहरूका लागि उच्च शिक्षामा अध्ययनरत विद्यार्थीलाई लक्षित गर्दै मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्रालयको शिक्षा विकास निर्देशनालयले छात्रवृत्ति कार्यक्रम ल्याएको छ।

आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रमअन्तर्गत उक्त चार समूहका छात्राहरूलाई छात्रवृत्ति प्रदान गर्न ३० दिने सार्वजनिक सूचना जारी गरिएको हो।

निर्देशनालयका अनुसार मधेश प्रदेशभित्र स्थायी बसोबास रहेका र स्नातक वा सोभन्दा माथिल्लो तहमा अध्ययनरत छात्राहरूले सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र अर्थात् २०८२ फागुन २६ गतेसम्म आवेदन दिन सक्नेछन्।

छात्रवृत्ति प्राप्त गर्न जेहेन्दार छात्राको हकमा कम्तीमा २.८ सीजीपीए/जीपीए वा प्रथम श्रेणी अनिवार्य गरिएको छ भने दलित, विपन्न र मुस्लिम समूहका छात्राहरूका लागि न्यूनतम १.६ सीजीपीए/जीपीए आवश्यक पर्नेछ।

आवेदक छात्रा मधेश प्रदेशमा जन्मिएकी हुनुपर्ने र सामुदायिक माध्यमिक विद्यालयबाट कक्षा १२ वा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरी सामुदायिक वा सरकारी क्याम्पस/विश्वविद्यालयमा स्नातक वा सोभन्दा माथिल्लो तहमा अध्ययनरत हुनुपर्ने शर्त राखिएको छ भने अध्ययन गरेको विद्यालय सामुदायिक भएको प्रमाण स्थानीय तहको शिक्षा शाखा वा शिक्षा विकास तथा समन्वय इकाइबाट प्रमाणित गराएको पत्र आवश्यक गरिएको छ।

छात्रवृत्ति रकम छात्राको नाममा रहेको बैंक खातामा जम्मा गरिने भएकाले आफ्नै नाममा बैंक खाता खोलिएको तथा अद्यावधिक चेकको प्रतिलिपि पेश गर्नुपर्ने व्यवस्था छ । निर्देशनालयका अनुसार साधारण धारतर्फ अध्ययनरत छात्राले वार्षिक २५ हजार रुपैयाँ र प्राविधिक धारतर्फ अध्ययनरत छात्राले वार्षिक ३५ हजार रुपैयाँ छात्रवृत्ति पाउनेछन्।

# परिक्रमा डोला राख्ने स्थलमा काँटीसहितको पर्खाल निर्माण

**टुडे समाचारदाता**

जनकपुरधाम । विश्वकै सबैभन्दा लामो धार्मिक पदयात्रा मानिएका ऐतिहासिक माध्यमिक परिक्रमाको अन्तरगृह परिक्रमा घुम्ने जनकपुरधाम ७ बलवाटोलस्थित पडावको बाटोसहित जग्गामा काँटीसहितको एक व्यक्तिले पर्खाल निर्माण गरेको छ।

ती पर्खाल निर्माणले लाखौको संख्यामा परिक्रमा घुम्ने तिर्थालु श्रद्धालुलाई समस्या हुने मिथिला बिहारी मन्दिरका महन्थ रामनरेश शरण र स्थानीयवासीले गुनासो गरेका छन् । उनीहरुले भने साबिकदेखि परिक्रमा घुम्दै आएको बाटो सहितको जग्गामा यसरी कांटी राखेर गरिएको पर्खाल निर्माणमा श्रद्धालु तिर्थालु घाइते हुन सक्ने बढी जोखिम छ।



मिथिलाबिहारीको डोला राख्ने चबूतरासँगै वडा नम्बर ८ निवासी शत्रुध्न साहको जग्गा रहेको छ। शत्रुध्न साहले आफ्नो जग्गा घेरबार गर्न साबिकदेखिको बाटो र डोला राख्ने चौतारा राख्ने ठाउँको जग्गा समेत पर्खाल निर्माण गरेको स्थानीयको आरोप छ।

स्थानीय विजय राउतले भने यो विवाद अहिलेदेखि होइन पर्खाल निर्माण गरिएको दुई वर्षअघि देखि नै हुँदै आएको छ। यहाँ समस्या समाधानका लागि प्रहरी, सिडिओ, नगर प्रमुख सबै आइसकेका छन् । तर पनि समस्या समाधान हुन सकेको छैन।

उनले भने २०५१ सालतरिसम्म साहको करीब १५ धुर जग्गा थियो। पछि मालपोत र नापीलाई मिलाएर के कसरी २६ धुर जग्गा कायम गरी पर्खाल निर्माण गरेका छन् । पर्खाल निर्माणकै बेला विवाद हुँदा रोकियो तर पछि रातिको बेलामा केही गुण्डाहरु राखेर बलजफ्ती त्यो पर्खाल निर्माण गराएका छन् । त्यसता विवाद हुँदै नै आएको छ।

अर्का स्थानीय नाम नबताउने शर्तमा भने जानकीराम साह वडाध्यक्ष हुँदा पर्खाल निर्माण गर्न दिएन । बरु उनले बाटो छुट्याउने गरी चौताराभन्दा ११ फिट अगाडी साबिकदेखिको पैनी/नाला रहेकोमा त्यसमा हेमपाइप समेत जडान गरिदियो । तर उनको कार्यकाल समाप्त भए लगतै निरज साह 'मुन्ना' वडाध्यक्ष बनेपछि के कसरी मिलेमतोमा चौताराभन्दा मात्र ४/५ फिट जग्गा छोडेर पर्खाल निर्माण गर्न लगाई दियो।

उनले भने यसको गुनासो गर्न जाँदा वडाध्यक्ष मुन्नाले लालपूर्जा बमोजिम जग्गाधनीले आफ्नो पर्खाल निर्माण गरेको भनी फर्काइ दियो। त्यसता चासो लिएको छैन। उनका अनुसार कल्भर्टकै माथि भएर ५ फिटभन्दा बढी अगाडि बढाएर पर्खाल निर्माण गरेको हो।

स्थानीयले लगाएको बारे वडाध्यक्ष मुन्नाले ती पर्खाल निर्माणमा आफ्नो कुनै संलग्ना नरहेको भनी ठाडो अस्वीकार गरेका छन् । उनले भने लालपूर्जा र नक्सा बमोजिम नै पर्खाल निर्माण गरेको मलाई जानकारी रहेको छ। स्थानीयकै सहमतिमा चौताराभन्दा ६ फिट जग्जा छाडेर पर्खाल निर्माण गरेको भन्ने कुरा जानकारीमा आएको हो। यदि धार्मिक स्थलको जग्गा मिचेर पर्खाल निर्माण गरेको हो भने नापनक्सा भिडाएर भोली नै त्यो पर्खाल भत्काई दिन्छु।

पर्खाल निर्माण रोक्नमा प्रमुख भूमिका निर्वाह गरेका पूर्व वडाध्यक्ष जानकीराम साहले भने वर्तमान नक्सा र लालपूर्जा अनुसार चौतारा रहेको आधाभन्दा बढी जग्गा शत्रुध्न साहको नाममा छ। तर २०४४ सालको सर्वे नापीको अधिको नक्सामा चौतारभन्दा ११/१२ फिट पर छ। धार्मिक अस्तित्व बचाउन मैले आफ्नो कार्यकालसम्म पर्खाल निर्माण गर्न दिएनौं। तर पछि के कसरी निर्माण गरियो मलाई थाहा छैन।

यता जनकपुरधाम उपमहानगरपालिकाको नगरप्रमुख मनोज साहले भने धार्मिक जग्गा कसैले अतिक्रमण गर्नु उचित होइन । यदि कसैको निजी नामसारी जग्गा हो भन्ने बलभन्दा पनि कानूनी लडाई लडेर धार्मिक अस्तित्व जोगाउनु पर्छ। तर वास्तविकता हो भन्ने बारे म घटनास्थलमै गएर हेरेपछि मात्र भन्नेछु।

यस्तै प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुईंटेलले भने धार्मिक पौवापाटीको जग्गा कसैले अतिक्रमण गरे कानून बमोजिम कारवाही हुनेछ । यस मुद्दामा को गलत को सही हो भन्ने बारे कुरा बुझेर स्थलगत निरिक्षण गरी मात्र भन्न सकिनेछ। के छ यस बारे म बुझेर भन्नेछु।

# हुण्डी कारोबार आरोपमा गुप्ता जेल चलान

**टुडे समाचारदाता**

वीरगञ्ज । हुन्डी कारोबार गरेको आरोपमा पक्राउ परेका वीरगञ्जका एक व्यक्तिलाई पर्सा जिल्ला अदालतले पुर्पक्षका लागि जेल चलान गरेको छ । उनीमाथि गैर कानुनी रूपमा २ अर्ब ४१ करोड रुपैयाँभन्दा बढीको हुण्डी कारोबार गरेको आरोप छ।




वीरगञ्ज महानगरपालिका-१ निवासी प्रशान्तकुमार गुप्ता गत १७ पुसमा पक्राउ परेका थिए। प्रारम्भमा उनी ५० हजार रुपैयाँसहित पक्राउ परेका थिए। त्यसपछि प्रहरीले उनका विभिन्न बैंक खातामाथि अनुसन्धान अघि बढाएको थियो।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार अनुसन्धानका क्रममा गुप्ताको विभिन्न बैंक खाताबाट कुल २ अर्ब ४१ करोड ७८ लाख २३ हजार ३ सय रुपैयाँ बराबरको कारोबार भएको पाइएको छ। पर्सा प्रहरी प्रमुख सुदीप राज पाठकका अनुसार सुरुवाती रूपमा थोरै रकमसहित पक्राउ परेका गुप्ताको खाताको विस्तृत अध्ययन गर्दा ठुलो परिमाणमा आर्थिक कारोबार भएको तथ्य खुलेको हो।

प्रहरी अनुसन्धानबाट गुप्ताले भारतको रक्सौलबाट नेपाली रुपैयाँ हुन्डीमार्फत नेपाल भित्र्याई विभिन्न बैंक खातामा जम्मा गर्ने र त्यसपछि अन्य व्यक्तिहरूको खातामार्फत रकम स्थानान्तरण गरी गैर कानुनी सम्पत्ति लुकाउने गरेको खुलेको जनाएको छ।

उक्त कारोबार बैंकमार्फत उच्च परिमाणमा भएको देखिएपछि प्रहरीले गुप्ताविरुद्ध २ अर्ब ४१ करोड रुपैयाँभन्दा बढी बिगो दाबी गर्दै संगठित हुन्डी कारोबार तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा दायर गरेको थियो।

सोही मुद्दामा सुनुवाइ गर्दै पर्सा जिल्ला अदालतले उनलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको हो। जेल चलान गरिएका गुप्ताको खातामा रहेको ३३ लाख भन्दा बढी रकम समेत जफत गरिएको पर्सा प्रहरीले जनाइएको छ।

# बाँध मरम्मत सम्भारमा स्थानीयको आपति

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौर भन्सार कार्यालयदेखि पूर्वतर्फ बाँध मर्मत तथा सम्भार तथा सम्भारको नाममा बाँधको थप उच्चाइ बढाउने र साइफन बन्द गर्ने कार्यप्रति स्थानीयले आपत्ति जनाएका छन्।

हरेक वर्ष वर्षायाममा गौर डुबानमा पर्ने प्रमुख कारण यही बाँध रहेको दाबी गर्दै उनीहरूले तत्काल उक्त कार्य रोक्न माग गरेका छन्।



स्थानीय बासिन्दाका अनुसार दशगजा क्षेत्र आसपास कुनै किसिमको भौतिक संरचना निर्माण गर्न नपाइने अन्तर्राष्ट्रिय प्रावधान रहे पनि दशगजादेखि करिब ३०/४० मिटर पर बाँध निर्माण तथा स्तरोन्नतिको काम भइरहेको छ।

"मर्मतको बहानामा बाँध अझै अग्लो बनाइँदैछ र साइफनसमेत बन्द गर्ने काम भइरहेको छ। यसले पानीको निकास अवरुद्ध भई फेरि गौर डुबानमा पर्ने निश्चित छ," रौतहटका समाजसेवी महमद अजादले भने।

अजादका अनुसार वडा अध्यक्ष, नगर प्रमुख, जिल्ला प्रशासन कार्यालय, सशस्त्र प्रहरी बल लगायत सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि कुनै सुनुवाइ नभएको गुनासो छ । "हामीले सबैलाई जानकारी गरायौं, तर कसैले चासो देखाएन। यसले हामी थप मर्कामा परेका छौं," अर्का स्थानीयले बताए । स्थानीयको भनाइमा, यदि तत्काल उक्त कार्य रोकिने पहल नभए आगामी वर्षायाममा गौर पुनः गम्भीर डुबानको जोखिममा पर्नेछ । यस विषयमा सम्बन्धित सरकारी निकाय तथा राजनीतिक दलका प्रतिनिधिहरू मौन बसेको आरोप पनि लगाइएको छ। स्थानीयले भने तत्काल स्थलगत अनुगमन गरी विवादित निर्माण कार्य रोक्न र दीर्घकालीन समाधान खोज्न माग गरेका छन्।

# धनुषा ३ मा जसपाको घरदैलो अभियान तीव्र

**टुडे समाचारदाता**

जनकपुरधाम । फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनका लागि धनुषा क्षेत्र नं. ३ मा जनता समाजवादी पार्टी (जसपा) का उम्मेदवार परमेश्वर साहको घरदैलो अभियान तीव्र रुपमा अघि बढिरहेको छ।



निकै रोचक मानिएको यस क्षेत्रमा जसपाको पक्षमा माहोल बन्दै गएको दाबी गरिएको छ। जसपा जनकपुरधामका नगर सचिव प्रशान्त झाले पार्टीको जित निश्चित रहेको बताएका छन्। उनले भने, "मन मे छाता, मत मे छाता," भन्दै मतदातालाई छाता चुनाव चिन्हमा मतदान गर्न आग्रह गरे।

ज स प ा ल ` घरदैलो अभियानमार्फत मतदातासँग प्रत्यक्ष भेटघाट गर्दै आफ्ना एजेण्डा प्रस्तुत गरिरहेको जनाएको छ। जसपाको संगठन र अन्य दलको समेत अप्रत्यक्ष रुपमा भइरहेको सहयोग र मतदाताको समर्थनले जसपा नेपालका उम्मेदवार प्रतिष्पर्धामा अगाडि रहेको उनको भनाई छ।

**निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं ।**

- गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन।
- कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स-एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, टयाग वा मेन्सन गर्न र गराउन हुँदैन।
- निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न गराउनु हुँदैन।
- एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवारविरुद्ध कुनैपनि श्रव्य वा श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन।
- निर्वाचन आचारसंहित उल्लङ्घन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन बोर्डमा उजुरी गरौं।

**निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं।**


नेपाल सरकार
विज्ञापन बोर्ड

# 'भ्रमर'का दुई कृति विमोचन

**टुडे समाचारदाता**

जनकपुरधाम । मैथिली साहित्यकार रामभरोष कापडि 'भ्रमर'का दुई कृति एक कार्यक्रमबीच सार्वजनिक गरिएको छ।

जनकपुरधाममा बिहीबार मैथिली विकास कोषमा आयोजित समारोहबीच बालबालिकाहरुका लागि बालसाहित्य 'जंगलमे मंगल' र तीसदेखि चालिस वर्षपूर्व लिइएका अन्तरवार्ताहरुको संग्रह 'गपसप' नामक पुस्तक विमोचन गरिएको छ।



'जंगलमे मंगल' बालसाहित्यको विमोचन बालकक्षाकै विद्यार्थीहरु किर्ति ठाकुर र प्रीन्स कापरले गरेका थिए भने अन्तरवर्ता पुस्तक ' गपसप' भारतीय स्रष्टा डा. योगानन्द झाले गरेका थिए।

स ा ` अवसरमा विमोचित पुस्तकहरुबारे साहित्यकार, समीक्षक रमेश रञ्जन झाले प्रकाश पारेका थिए। प्राज्ञ रञ्जनले गपसप पुस्तकमा केही दशक पूर्वमा नै लिइएका अन्तरवर्ताहरुमा माधव घिमिरे, गोविन्द झा, पूर्वप्रधानमन्त्री मातृकाप्रसाद कोइराला, हिन्दीका सुप्रसिद्ध कवि अज्ञेय, नेपाली कवि केदारमान व्यथित, डा. आनन्द मिश्र, डा. मौन, जाकी मन्दिर बनाउने राजाका उत्तराधिकारी मधुकर शाह, डा. धीरेन्द्र, नेपाली नाटककार विजय मल्लजस्ता चर्चित व्यक्तित्वहरु सामेल गरिएको बताए।

प्रा. परमेश्वर कापडिले मैथिली बाल साहित्यमा भ्रमरले जंगलमे मंगल अवश्य पनि महत्वपूर्ण उपलब्धि हुने बताए।

साहित्यकार रोशन जनकपुरीले दुबै कृति मैथिली साहित्यको विकासमा योगदान पुऱ्याउने आशा व्यक्त गरे।

भारतीय साहित्यकार चन्द्रेशले भ्रमरका दुबै कृति अध्ययन गर्दा वहाँमा विविध विधामा थप भएको मात्र नभइ यसले मैथिली बालसाहित्य र अन्तरवार्ताको क्षेत्रमा ठूलो उपलब्धि भएको बताए।

मैथिली विकास कोषका सभापति जीवनाथ चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा साहित्यकार श्यामसुन्दर शशि, भारतीय साहित्यकार डा. योगानन्द झाले दुबै कृतिबारे प्रकाश पारे।

# आगजनीले सामुदायिक वनमा ठूलो क्षति

**टुडे समाचारदाता**

रौतहट । रौतहटको चन्द्रपुर नगरपालिका-२, जुडिबेलामा रहेको नमुना सामुदायिक वन उपभोक्ता समूहको वनक्षेत्रमा अज्ञात व्यक्तिहरूले गरेको आगजनीले एक करोड रुपैयाँभन्दा बढी मूल्य बराबरको क्षति भएको छ।



सो आगलागमी साल जातको गोलिया काठ जलेर नष्ट भएको जनाइएको छ। समाचार तयार पार्दासम्म आगो पूर्ण रूपमा नियन्त्रणमा आउन सकेको थिएन।

वन कार्यालयका अनुसार बिहीबार सुरु भएको आगलागीमा करिब ८ देखि १० हजार क्युफिटभन्दा बढी सालको गोलिया काठ क्षतिग्रस्त भएको छ। उक्त काठ २०७६ सालमा ४ सय केभी प्रसारण लाइन विस्तारका क्रममा काटिएको र पछि घाटगद्दी गरी सोही वनक्षेत्रमा राखिएको थियो । आगो नियन्त्रणका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, डिभिजन वन कार्यालयको टोली, उपभोक्ता समूहका सदस्य तथा वनकर्मीहरू दमकल र जेसिबीको सहयोगमा खटिएको डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरका प्रमुख हेमन्तकुमार साहले जानकारी दिएका छन्।

डिभिजन प्रमुख साहले कसैले नियतवश आगजनी गरेको हुनसक्ने आशंका व्यक्त गर्दै समयमै आगो नियन्त्रणमा लिन नसक्दा क्षति बढी भएको बताएका छन्।

उनका अनुसार उपभोक्ता समूहले लामो समयदेखि लेखापरीक्षण र साधारण सभा नगर्दा काठ बिक्री प्रक्रिया अघि बढ्न सकेको थिएन। सो विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत छानबिन गरिरहेको छ । प्रहरीले घटनाको वास्तविक कारण पत्ता लगाउन अनुसन्धान जारी राखेको जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८